न्याय परिषद

बुलेटिन

पुस ३, २०८०, वर्ष २०, अङ्क २०

न्याय परिषद सचिवालय

रामशाहपथ, काठमाडौं

न्याय परिषद
बुलेटिन
पुस ३, २०८०, वर्ष २०, अङ्क २०

न्याय परिषदका अध्यक्ष एवं सम्माननीय प्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठज्यूलाई न्याय परिषदका माननीय सदस्य एवं सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडाज्यूले स्वागत गर्नुहुँदै ।

न्याय परिषदका माननीय सदस्य एवं सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडाज्यूलाई स्वागत गर्नुहुँदै कानुन, न्याय तथा संसदीय मामिला मन्त्री एवं न्याय परिषदका माननीय सदस्य श्री धनराज गुरुङज्यू ।

न्याय परिषद

बुलेटिन

पुस ३, २०८०, वर्ष २०, अङ्क २०

प्रकाशक

न्याय परिषद सचिवालय

रामशाहपथ, काठमाडौं

सम्पादन समूह
देवेन्द्रराज ढकाल
मानबहादुर कार्की
अशोककुमार क्षेत्री
मेघनाथ चापागाईं

सहयोगी
सीता अधिकारी
रामेश्वर अधिकारी
रमा थापा
मिलनचन्द्र महत
विवेक अधिकारी
पवित्रा गर्तौला
पुरुषोत्तम सुवेदी
विजय के.सी.

सर्वाधिकार © : न्याय परिषद सचिवालय

डिजाइन तथा मुद्रण : अल मिडिया सोलुसन, बागबजार, काठमाडौं

न्याय परिषदका पदाधिकारीहरू

सम्माननीय अध्यक्ष
श्री विश्वम्भरप्रसाद श्रेष्ठ

माननीय सदस्य
श्री धनराज गुरुङ

माननीय सदस्य
श्री ईश्वरप्रसाद खतिवडा



माननीय सदस्य
श्री रामप्रसाद भण्डारी

माननीय सदस्य
श्री राम प्रसाद श्रेष्ठ

सचिव
श्री देवेन्द्रराज ढकाल

न्याय सेवा आयोगका पदाधिकारीहरू

सम्माननीय अध्यक्ष
श्री विश्वम्भरप्रसाद श्रेष्ठ

माननीय सदस्य
श्री धनराज गुरुङ

माननीय सदस्य
श्री ईश्वरप्रसाद खतिवडा

माननीय सदस्य
श्री माधवप्रसाद रेग्मी

माननीय सदस्य
डा. श्री दिनमणी पोखरेल

सचिव
श्री देवेन्द्रराज ढकाल

प्रधान न्यायाधीश

सर्वोच्च अदालत
काठमाडौं, नेपाल

शुभकामना

नेपाल अधिराज्यको संविधान, २०४७ ले न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासनसम्बन्धी कारबाही, बर्खासीलगायतका कार्य गर्न न्याय परिषद्को व्यवस्था गरेपछि २०४७ साल पुस ३ गते न्याय परिषद्को पहिलो बैठक बसी न्याय परिषद्को छुट्टै कार्यालय स्थापना गर्ने निर्णय भएको दिनलाई हरेक वर्ष न्याय परिषद् दिवसका रूपमा मनाइँदै आएको छ। यस अवसरमा म न्याय परिषद् परिवारलगायत न्याय क्षेत्रका सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक शुभकामना समेत व्यक्त गर्न चाहन्छु।

नेपालको संविधानले न्याय परिषद्लाई न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासनसम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासनसम्बन्धी अन्य विषयमा सिफारिस गर्ने वा परामर्श दिने जिम्मेवारी सुम्पेको छ। संविधानले सुम्पेको जिम्मेवारी न्याय परिषद्ले वस्तुनिष्ठ तथा पारदर्शी रूपमा निर्वाह गर्दै आइरहेको छ। न्याय परिषद्, न्याय सेवा आयोग तथा न्याय परिषद् सचिवालयबाट वर्षभरिमा सम्पादन भएका काम कारबाही र गतिविधिहरूलाई समावेश गरी न्याय परिषद् सचिवालयले परिषद् दिवसको अवसरमा यस बुलेटिनको प्रकाशन गर्दै आएको छ। प्रस्तुत बुलेटिन न्याय परिषद् तथा न्याय सेवा आयोगको काम कारबाहीलाई न्यायाधीश, न्याय सेवाका अधिकृत, कानून व्यवसायीलगायतका सरोकारवालाहरूसम्म सम्प्रेषित गर्ने महत्वपूर्ण सेतुको रुपमा रहने मेरो विश्वास रहेको छ। यस वर्ष पनि बुलेटिनको प्रकाशनले निरन्तरता पाएकोमा मलाई खुसी लागेको छ।

प्रस्तुत बुलेटिनमा न्यायपालिकाको विभिन्न तहमा कार्यरत न्यायाधीशहरू तथा न्याय सेवाका तीनवटै समूहका सम्पूर्ण अधिकृतहरूको वैयक्तिक विवरणलगायत न्याय परिषद् ऐन, २०७३ तथा न्याय परिषद् नियमावली, २०७४ (पहिलो संशोधन २०८०) समेत समावेश गरिएको छ। यसले न्यायपालिकामा कार्यरत न्यायाधीशलगायतको जनशक्तिको बारेमा जानकारी लिन सहयोग पुग्ने अपेक्षा रहेको छ।

अन्त्यमा, प्रस्तुत बुलेटिन प्रकाशन गर्नमा महत्त्वपूर्ण भूमिका खेल्नुहुने न्याय परिषद्का सचिव श्री देवेन्द्रराज ढकाललगायत सचिवालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई म हार्दिक धन्यवाद दिँदै प्रस्तुत प्रकाशनको पूर्ण सफलताको कामनासमेत गर्दछु।

३ पौष, २०८०

विश्वम्भरप्रसाद श्रेष्ठ
प्रधान न्यायाधीश
एवं
अध्यक्ष, न्याय परिषद्

प्रधान न्यायाधीश

सम्पर्क नं. : +५७७-१-४२००७००, +५७७-१-४२००७४५, +५७७-१-४२००७०८, रामशाहपथ, काठमाडौं, पोष्ट बक्स नं. : २०४३८,
ईमेल :cjs@supremecourt.gov.np, cjnsecretariat@gmail.com, वेवसाईट : www.supremecourt.gov.np

भूमिका

नेपालको न्यायिक इतिहासको आफ्नै मौलिकता रहेको तथ्य सबैमा विदितै छ। नेपालको न्यायिक इतिहासको आफ्नै मौलिकता छ। नेपालको संविधानले स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिकाको प्रत्याभूतिका साथै सोही अनुरुप न्यायीक संरचनाको व्यवस्था समेत गरेको छ। न्यायपालिकाको महत्वपूर्ण जनशक्तिका रुपमा रहेका न्यायाधीशहरूको कामकारबाहीको स्तरबाट नै न्यायपालिका प्रतिको जनताको धारणा निर्माण हुने गर्दछ। न्याय परिषद न्यायाधीश नियुक्तिको प्रक्रियासँग प्रत्यक्ष सरोकार राख्ने संवैधानिक निकाय हो। नेपाल अधिराज्यको संविधान, २०४७ ले पहिलो पटक न्यायाधीश नियुक्तिका विषयमा सिफारिस गर्नका लागि परिषदीय प्रणालीको अवधारणालाई आत्मसात गरेको पाइन्छ। तत्कालिन संविधानको धारा ९३ को उपधारा १ बमोजिम न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासनसम्बन्धी कारवाही, बर्खासी एवम् न्याय प्रशासनसम्बन्धी अन्य कुराहरूको सिफारिस गर्न वा परामर्श दिन एक न्याय परिषद रहने संवैधानिक व्यवस्था बमोजिम न्याय परिषद ऐन, २०४७ जारी भई वि.सं. २०४७ साल पौष ३ गते न्याय परिषदको पहिलो बैठक बसी न्याय परिषद सचिवालयको स्थापना गर्ने निर्णय भएकाले सोही दिनलाई न्याय परिषदले आफ्नो स्थापना दिवसको रुपमा मनाउँदै आएको छ।

नेपालको संविधानको धारा १५३ मा संविधान बमोजिम न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासनसम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासन सम्बन्धी अन्य विषयको सिफारिस गर्न वा परामर्श दिन न्याय परिषद रहने व्यवस्था छ। धारा १५४ मा नेपाल सरकारले कानूनबमोजिम संघीय न्याय सेवाको राजपत्राङ्कित पदमा नियुक्ति, सरुवा, बढुवा गर्दा वा त्यस्तो पदमा बहाल रहेको कुनै कर्मचारीलाई विभागीय सजाय गर्दा न्याय सेवा आयोगको सिफारिस बमोजिम गर्ने व्यवस्था छ। न्यायिक सुशासन कायम गर्नमा न्याय परिषद, न्याय सेवा आयोग एवं न्याय परिषद सचिवालयका काम कारबाही तथा गतिविधिहरू समेत पारदर्शी हुन जरुरी हुन्छ।

न्याय सेवा आयोगको समेत सचिवालयको रुपमा न्याय परिषद सचिवालयले काम गर्दै आएको छ। यस अवसरमा न्याय प्रशासनसँग सरोकार राख्ने सबैको जानकारीको लागि न्याय परिषद, न्याय सेवा आयोग र न्याय परिषद सचिवालयले आफ्ना काम कारबाही, गतिविधि तथा

विवरणहरू समेटी बुलेटिन प्रकाशन गर्दै आएको छ। बुलेटिन मार्फत न्याय परिषद, न्याय सेवा आयोग एवं सचिवालयका काम कारबाही पारदर्शी भई न्यायिक जनआस्था अभिवृद्धिमा समेत सहयोग पुग्ने विश्वास गरिएको छ।

प्रस्तुत बुलेटिनमा विभिन्न तहका अदालतहरूमा कार्यरत न्यायाधीशहरू एवं न्याय सेवाका राजपत्राङ्कित अधिकृत कर्मचारीहरूको विवरणका अतिरिक्त न्याय परिषद, २०७३ र न्याय परिषद नियमावली, २०७४ समेत संलग्न गरिएको छ। उक्त विवरणले न्यायपालिकामा कार्यरत वर्तमान जनशक्ति र भविष्यको स्वरूपसमेत प्रस्तुत गर्न सहयोग पुग्नेछ।

यस बुलेटिनको प्रकाशनबाट न्याय परिषद, न्याय सेवा आयोग र न्याय परिषद सचिवालयबाट भएका क्रियाकलाप र गतिविधिबारे सरोकार र चासो राख्ने सबैलाई पारदर्शी रुपमा सूचना प्राप्त गर्न सहज पुग्ने विश्वास लिइएको छ।

पुस ३, २०८०

न्याय परिषद सचिवालय

विषयसूची

परिच्छेद - एक

परिचय

१.१ न्याय परिषदः १

१.२ न्याय सेवा आयोगः ३

१.३ न्याय परिषद सचिवालयः ४

१.४ न्यायाधीशहरूको दरबन्दी विवरणः ५

परिच्छेद - दुई

न्याय परिषदबाट सम्पादित कार्यहरूको विवरण

२.१ नियुक्तिः ११

२.२ सरुवा एवं काजः १८

२.३ विशेष अदालतको अध्यक्ष एवं सदस्य पदमा तोक्न परामर्शः १९

२.४ न्यायाधिकरणमा पदाधिकारी तोकिएकोः १९

२.५ सैनिक विशेष अदालत पदाधिकारी तोकिएकोः २०

२.६ न्याय परिषदमा परेका उजुरीहरूको संख्यात्मक विवरणः २०

२.७ विविधः २२

परिच्छेद - तीन

न्याय सेवा आयोगबाट सम्पादित कार्यहरूको विवरण

३.१ जिल्ला न्यायाधीश पदको परीक्षाः २५

३.२ जिल्ला न्यायाधीश नियुक्ति सम्बन्धीः २५

३.३ नियुक्ति, बढुवा, पदस्थापन तथा सरुवा सम्बन्धीः २५

३.३.१ विशिष्ट श्रेणीमाः २५

३.३.२ न्याय सेवाको रा.प.प्रथम श्रेणीः २६

३.३.३ न्याय सेवाको रा.प. द्वितीय श्रेणीः २७

३.३.४ न्याय सेवाको रा.प. तृतीय श्रेणीमाः २८

३.४ विविधः.....२९

परिच्छेद - चार

न्याय परिषद सचिवालयका गतिविधि

४.१ न्यायिक अनुगमन तथा निगरानी गतिविधिः.....३१

४.२ अन्तरक्रिया कार्यक्रमः ३१

४.३ कर्मचारी पुरस्कृतः ३१

परिशिष्टाङ्क-१

न्याय परिषद ऐन, २०७३.....३३

परिशिष्टाङ्क-२

न्याय परिषद् नियमावली, २०७४ (अनूसुची बाहेक).....५६

परिशिष्टाङ्क-३

न्यायाधीश तथा न्याय सेवाका राजपत्राङ्कित अधिकृतहरूको विवरण.....७१

परिच्छेद - एक
परिचय

१.१ न्याय परिषदः

स्वतन्त्र न्यायपालिका लोकतन्त्रको प्रमुख आधार स्तम्भहरू मध्ये एक हो। वि.सं.१९९७ साल श्रावण १ गते प्रधान न्यायालयको स्थापना भएसँगै सुरु भएको न्यायपालिकाको विकास यात्राले वि.सं.२०४७ सालमा नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएसँगै आधुनिक स्वरुप ग्रहण गरेको पाइन्छ। उक्त संविधानले पहिलो पटक न्यायाधीशको नियुक्ति, सरुवा र बर्खासी सम्बन्धी व्यवस्थाका लागि एक स्वतन्त्र निकाय न्याय परिषदको संवैधानिक व्यवस्था गऱ्यो। नेपालको संविधानले प्रस्तावनामा स्वतन्त्र, निष्पक्ष, सक्षम न्यायपालिका एवं कानूनी राज्यको अवधारणा उल्लेख गरी स्वतन्त्र न्यायपालिका सम्बन्धी मान्यतालाई आत्मसाथ गर्दै न्यायाधीश नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरूको सिफारिस गर्न वा परामर्श दिन न्याय परिषदको व्यवस्था गरेको छ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९३ मा उल्लिखित न्याय परिषदको गठन विधि एवं संरचनालाई नेपालको अन्तरिम संविधान, २०६३ ले केही परिवर्तन गरेको थियो। सोही परिवर्तित व्यवस्थालाई नै वर्तमान संविधानले अंगिकार गरेको छ। नेपालको संविधानको धारा १५३ को उपधारा (१) बमोजिम न्यायाधीशको नियुक्ति, सरूवा, अनुशासनसम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासनसम्बन्धी अन्य विषयको सिफारिस गर्न वा परामर्श दिने काम, कर्तव्य र अधिकार भएको न्याय परिषदको देहाय बमोजिमका अध्यक्ष र सदस्य रहने व्यवस्था छ।

क) प्रधान न्यायाधीश - अध्यक्ष
ख) सङ्घीय कानून तथा न्याय मन्त्री - सदस्य
ग) सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश एक जना - सदस्य
घ) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा नियुक्त गरेको एक जना कानूनविद् - सदस्य
ङ) नेपाल बार एशोसियसनको सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्त कम्तीमा बीस वर्षको अनुभव प्राप्त वरिष्ठ अधिवक्ता वा अधिवक्ता - सदस्य

नेपालको संविधान, न्याय परिषद ऐन, २०७३, न्याय प्रशासन ऐन, २०७३ तथा न्याय परिषद नियमावली, २०७४ समेतका आधारमा न्याय परिषदको काम, कर्तव्य र अधिकारलाई मुख्यतः देहायका बुँदाहरूमा उल्लेख गर्न सकिन्छः

१. प्रधान न्यायाधीशबाहेक सबै तहका अदालतका न्यायाधीशहरूको नियुक्तिको सिफारिस गर्ने,
२. सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिको लागि सिफारिस भएको व्यक्तिलाई संसदीय सुनुवाईको लागि संघीय संसद समक्ष लेखी पठाउने,
३. उच्च तथा जिल्ला अदालतका न्यायाधीशहरूको सरूवा तथा उच्च अदालतका न्यायाधीशहरूको काज सिफारिस गर्ने,
४. उच्च तथा जिल्ला अदालतका न्यायाधीश विरुद्ध परेका उजुरी छानविन गरी कारबाही गर्ने,
५. उच्च तथा जिल्ला अदालतका न्यायाधीशहरूलाई अनुशासनात्मक कारबाही गर्न सिफारिस गर्ने,
६. उच्च तथा जिल्ला अदालतका न्यायाधीश उपर भ्रष्टाचारको कसूरमा अनुसन्धान गरी मुद्दा दायर गर्ने,
७. खराब आचरण, कार्यक्षमताको अभाव वा इमान्दारीपूर्वक कर्तव्यको पालन नगरेको देखिएका न्यायाधीशलाई पदमुक्त गर्न लेखी पठाउने,
८. न्याय प्रशासनसम्बन्धी अन्य विषयमा सिफारिस गर्ने वा परामर्श दिने,
९. न्यायाधीश हुने योग्यता पुगेका नेपाली नागरिकको अभिलेख राख्ने,अद्यावधिक गर्ने,
१०. न्यायाधीश उपर न्यायिक अनुगमन तथा निगरानी गर्ने,
११. कुनै न्यायाधीश शारीरिक वा मानसिक अस्वस्थताका कारणले सेवामा रही कार्य गर्न असमर्थ भएमा पदमुक्त गर्न सिफारिस गर्ने,
१२. न्यायाधीश तथा निजको परिवारको सम्पत्तिको वार्षिक विवरण राख्ने, वार्षिक सम्पत्ति विवरण पेस नगर्ने न्यायाधीशलाई जरिवाना गरी सम्पत्ति विवरण दाखिल गर्न लगाउने,
१३. न्यायाधीशको तालिम तथा प्रशिक्षणका सम्बन्धमा सम्बन्धित निकायलाई पाठ्यक्रमलगायतका विषयमा आवश्यक निर्देशन दिने,
१४. न्याय प्रशासनसम्बन्धी अन्य विषयमा अध्ययन, अनुसन्धान गर्ने/गराउने,
१५. न्यायाधीशले पालन गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्ने,
१६. जिल्ला न्यायाधीशको रिक्त पद पूर्तिको लागि प्रतिशत निर्धारण गर्ने,
१७. जिल्ला न्यायाधीशको लिखित परीक्षा सञ्चालनका लागि न्याय सेवा आयोगमा लेखी पठाउने,
१८. न्यायाधीशलाई उमेर हदका कारण पदमा नरहेको जानकारी गराउने,

१९. न्याय परिषदले वर्षभरी आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने,

२०. न्याय परिषदले ऐनको उद्देश्य कार्यान्वयनको लागि नियमावलीका साथै कार्य सञ्चालनका लागि आवश्यक निर्देशिका र कार्यविधि बनाउने।

न्याय परिषद ऐन, २०७३ को दफा ४१ एवं न्याय परिषद नियमावली, २०७४ को नियम २६ ले न्यायाधीश नियुक्ति, अभिलेख व्यवस्थापन, अनुगमन, निगरानी, सरुवा तथा काज र न्याय परिषदसँग सम्बन्धित अन्य विषयसम्बन्धी निर्देशिका तथा मापदण्ड बनाई लागू गर्न सक्ने अधिकार न्याय परिषदलाई दिएको छ। न्याय परिषदले न्यायाधीश विरुद्ध दर्ता हुन आउने उजुरी तथा विभिन्न माध्यमबाट प्राप्त सूचनाहरूको शिघ्र रूपमा निरूपण गर्नका लागि न्यायाधीश विरुद्ध परेका उजुरीहरू उपर कारबाहीसम्बन्धी कार्यविधि, २०७५ र न्यायाधीश नियुक्तिको प्रक्रिया सम्बन्धी निर्देशिका, २०७९ निर्माण गरेको छ।

१.२ न्याय सेवा आयोगः

नेपाल सरकारले कानून बमोजिम संघीय न्याय सेवाको राजपत्राङ्कित पदमा नियुक्ति, सरुवा, बढुवा गर्दा वा त्यस्तो पदमा बहाल रहेको कुनै कर्मचारीलाई विभागीय सजाय गर्दा न्याय सेवा आयोगको सिफारिस बमोजिम गर्ने व्यवस्था छ। नेपालको संविधान, २०१९ को धारा ७४ ले पहिलो पटक न्याय सेवा आयोग सम्बन्धी संवैधानिक व्यवस्थाको शुरुवात गरेको थियो। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९४ ले न्याय सेवाका राजपत्राङ्कित पदमा नियुक्ति, सरुवा, बढुवा गर्दा वा त्यस्तो पदमा बहाल रहेको कुनै कर्मचारीलाई विभागीय सजाय गर्दा न्याय सेवा आयोगको सिफारिस बमोजिम हुने व्यवस्था गरेको थियो। सोही व्यवस्थालाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११४ ले निरन्तरता दिएकोमा केही परिवर्तित रुपमा वर्तमान संविधानको धारा १५४ ले पनि न्याय सेवा आयोग सम्बन्धी व्यवस्थालाई निरन्तरता दिएको छ। नेपालको संविधानमा न्याय सेवा आयोगमा देहाय बमोजिम अध्यक्ष तथा सदस्यहरू रहने व्यवस्था छः-

१. प्रधान न्यायाधीश	अध्यक्ष
२. संघीय कानून तथा न्याय मन्त्री	सदस्य
३. सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश	सदस्य
४. लोक सेवा आयोगका अध्यक्ष	सदस्य
५. महान्यायाधिवक्ता	सदस्य

नेपालको संविधान, न्याय सेवा आयोग ऐन, २०७३, न्याय सेवा आयोग नियमावली, २०७४

तथा अन्य प्रचलित कानूनी व्यवस्था समेतका आधारमा न्याय सेवा आयोगका काम, कर्तव्य र अधिकारलाई मुख्यतः देहाय बमोजिम उल्लेख गर्न सकिन्छः-

१. नेपाल न्याय सेवाको राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीका कर्मचारीको रिक्त पदमा पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने,
२. नेपाल न्याय सेवाको राजपत्राङ्कित पदमा नियुक्ति तथा सरुवाको सिफारिस गर्ने र बढुवा गर्ने,
३. बढुवा उपर उजुरी सुन्ने,
४. जिल्ला न्यायाधीशको पाठ्यक्रम निर्माण, परीक्षा सञ्चालन तथा नियुक्तिका लागि न्याय परिषद समक्ष सिफारिस गर्ने,
५. नेपाल न्याय सेवाका राजपत्राङ्कित अधिकृतहरूलाई विभागीय कारबाहीका सम्बन्धमा परामर्श दिने।

संविधानको धारा १३८ बमोजिम छुट्टै वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने प्रावधानले न्याय सेवा आयोगलाई नेपालको संविधानले स्वतन्त्र संवैधानिक निकायको रूपमा मान्यता दिएको पुष्टि हुन्छ। न्याय सेवा आयोगले नेपाल न्याय सेवाका राजपत्राङ्कित कर्मचारीहरूको कर्मचारी प्रशासनको केन्द्रीय निकायको रूपमा काम गर्दै आइरहेको छ। न्याय सेवा आयोगले संविधान, न्याय सेवा आयोग ऐन, २०७३, न्याय सेवा आयोग नियमावली, २०७४ एवं अन्य प्रचलित कानून बमोजिम आफ्नो काम, कारबाही सञ्चालन गर्दै आइरहेको छ।

१.३ न्याय परिषद सचिवालयः

न्याय परिषद ऐन, २०७३ को दफा ३४ ले न्याय परिषदको एउटा छुट्टै सचिवालय रहने र सो सचिवालय काठमाडौं उपत्यकामा रहने व्यवस्था गरेको छ। न्याय सेवा आयोग ऐन, २०७३ को दफा ३ मा आयोगले अन्यथा व्यवस्था गरेकोमा बाहेक आयोगको सचिवालय न्याय परिषद सचिवालय रहेको ठाउँमा रहने व्यवस्था गरेको छ। न्याय सेवा आयोगको छुट्टै सचिवालय नरहेकोले न्याय परिषद सचिवालयले नै न्याय परिषद र न्याय सेवा आयोगको संयुक्त सचिवालयका रूपमा काम गर्दै आएको छ। न्याय परिषद र न्याय सेवा आयोगको संयुक्त प्रशासकीय निकायको रूपमा रहेको न्याय परिषद सचिवालयमा नेपाल न्याय सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव प्रशासकीय प्रमुखका रूपमा रहने कानूनी व्यवस्था छ।

न्याय परिषद ऐन, २०७३ को दफा ३६ तथा न्याय सेवा आयोग ऐन, २०७३ को ५ ले न्याय परिषद तथा न्याय सेवा आयोगको सचिवको देहाय बमोजिम काम, कर्तव्य र

अधिकारको व्यवस्था गरेको छ।

१. परिषद/आयोगले गरेका निर्णय कार्यान्वयन गर्ने गराउने,
२. परिषद/आयोगको सचिवालयमा रहने अभिलेख प्रमाणित गरी अद्यावधिक, व्यवस्थित र सुरक्षित राख्ने,
३. परिषद/आयोगका कर्मचारीलाई कार्यविभाजन गरी काममा लगाउने,
४. परिषद/आयोगको सचिवालयको काम कारबाहीको अनुगमन, नियन्त्रण, सुपरिवेक्षण गर्ने,
५. परिषद/आयोगको निर्णय सम्बन्धित व्यक्ति वा निकायलाई जानकारी गराउने,
६. नेपाल सरकार र अन्य सम्बन्धित निकायसँग आवश्यकतानुसार सम्पर्क र समन्वय गर्ने,
७. परिषद/आयोगले तोकेका अन्य कार्य गर्ने।

न्याय परिषद सचिवालयले देहाय बमोजिम आफ्ना गतिविधि सञ्चालन गर्दै आएको छः-

१. अभिलेखहरू व्यवस्थापन गर्ने,
२. परिषद/आयोगको बैठक व्यवस्थापन गर्ने,
३. न्यायाधीश तथा न्याय सेवाका अधिकृत कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न गोष्ठी, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्ने
४. परिषद/आयोगको वार्षिक प्रतिवेदन तयार गर्ने,
५. परिषद/आयोग तथा सचिवालयको वार्षिक कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्ने।

न्याय परिषद सचिवालयले न्यायाधीश तथा न्याय सेवाका राजपत्राङ्कित अधिकृतहरूको व्यक्तिगत विवरण सफ्टवेयरमा प्रविष्टि गर्दै आइरहेको छ। साथै न्यायाधीशहरूको सम्पत्ति विवरण प्राप्त भएको जानकारीसमेत मोवाइल (**SMS**) मार्फत गराउने व्यवस्थासमेत गरेको छ। न्याय परिषद एवं न्याय सेवा आयोगले गरेका महत्वपूर्ण निर्णय तथा अन्य जानकारी न्याय परिषद सचिवालयको वेभसाईटमार्फत प्रकाशन गर्ने गरिएको छ।

१.४ न्यायाधीशहरूको दरबन्दी विवरणः

◆ सर्वोच्च अदालत

क्र.सं.	अदालत	कुल दरबन्दी	पूर्ति भएको	रिक्त	कैफियत
१.	सर्वोच्च अदालत	२१	१४	७	मिति २०८०।८।५ को बैठकले ६ जना न्यायाधीश नियुक्त गर्न सिफारिस गरेकोमा हाल संसदीय सुनुवाईको क्रममा रहेको।

◆ उच्च अदालत

क्र.सं.	उच्च अदालत/इजलास/अस्थायी इजलास	जम्मा दरबन्दी	पूर्ति	रिक्त
१.	इलाम	४	४	
२.	विराटनगर	१२	७	५
३.	धनकुटा	४	४	
४.	ओखलढुंगा	४	४	
५.	राजविराज	११	९	२
६.	जनकपुर	१२	९	३
७.	वीरगन्ज	१५	१४	१
८.	पाटन	३६	२४	१२
९.	हेटौंडा	७	५	२
१०.	पोखरा	७	५	२
११.	बाग्लुङ	४	४	
१२.	बुटवल	१२	९	३
१३.	तुल्सीपुर	४	३	१
१४.	नेपालगन्ज	६	५	१
१५.	सुर्खेत	७	५	२
१६.	जुम्ला	४	३	१
१७.	दिपायल	७	७	
१८.	महेन्द्रनगर	४	४	
	जम्मा	**१६०**	**१२५**	**३५**

◆ जिल्ला अदालत

क्र.सं.	जिल्ला अदालत	दरबन्दी	पूर्ति	रिक्त
१.	ताप्लेजुङ	१	१	
२.	पाँचथर	१	१	

३.	इलाम	१	१	
४.	झापा	९	९	
५.	संखुवासभा	१	१	
६.	तेह्रथुम	१	१	
७.	धनकुटा	१	१	
८.	भोजपुर	१	१	
९.	मोरङ	१३	१२	१
१०.	सुनसरी	१२	११	१
११.	सोलुखुम्बु	१	१	
१२.	ओखलढुङ्गा	१	१	
१३.	खोटाङ	१	१	
१४.	उदयपुर	३	३	
१५.	सिराहा	९	९	
१६.	सप्तरी	१०	९	१
१७.	धनुषा	९	७	२
१८.	महोत्तरी	७	६	१
१९.	सर्लाही	६	५	१
२०.	बारा	७	७	
२१.	पर्सा	११	११	
२२.	रौतहट	८	८	
२३.	रामेछाप	१	१	
२४.	सिन्धुली	१	१	
२५.	दोलखा	१	१	
२६.	सिन्धुपाल्चोक	१	१	

२७.	काभ्रेपलाञ्चोक	३	३	
२८.	काठमाडौं	४३	३३	१०
२९.	भक्तपुर	७	६	१
३०.	रसुवा	१	०	१
३१.	नुवाकोट	१	१	
३२.	धादिङ	२	२	
३३.	ललितपुर	७	५	२
३४.	चितवन	८	८	
३५.	मकवानपुर	४	४	
३६.	गोरखा	१	१	
३७.	तनहुँ	३	२	१
३८.	मनाङ	१	१	
३९.	नवलपुर	२	२	
४०.	लमजुङ	१	१	
४१.	कास्की	८	७	१
४२.	स्याङ्जा	२	२	
४३.	बाग्लुङ	१	१	
४४.	पर्वत	१	१	
४५.	मुस्ताङ	१	१	
४६.	म्याग्दी	१	१	
४७.	गुल्मी	१	१	
४८.	अर्घाखाँची	१	१	

४९.	पाल्पा	१	१	
५०.	नवलपरासी	६	६	
५१.	रूपन्देही	१०	१०	
५२.	कपिलवस्तु	५	४	१
५३.	रोल्पा	१	१	
५४.	रूकुमकोट	१	१	
५५.	प्यूठान	१	१	
५६.	दाङ	६	६	
५७.	बाँके	८	८	
५८.	बर्दिया	२	२	
५९.	सल्यान	१	१	
६०.	रुकुम	१	१	
६१.	दैलेख	१	१	
६२.	जाजरकोट	१	१	
६३.	सुर्खेत	३	३	
६४.	हुम्ला	१	१	
६५.	जुम्ला	१	१	
६६.	कालिकोट	१	१	
६७.	डोल्पा	१	१	
६८.	मुगु	१	१	
६९.	बझाङ	१	१	

७०.	बाजुरा	१	१	
७१.	अछाम	१	१	
७२.	डोटी	१	१	
७३.	कैलाली	४	४	
७४.	डडेलधुरा	१	१	
७५.	बैतडी	१	१	
७६.	कञ्चनपुर	२	२	
७७.	दार्चुला	१	१	
७८.	न्याय परिषद	३	३	
	जम्मा	**२८७**	**२६३**	**२४**

परिच्छेद - दुई
न्याय परिषदबाट सम्पादित कार्यहरूको विवरण

प्रस्तुत बुलेटिनको अवधिभित्र न्याय परिषदबाट सम्पादित काम कारवाहीको विवरण यसप्रकार रहेको छ।

२.१ नियुक्तिः

क) सर्वोच्च अदालतः

सर्वोच्च अदालतमा रिक्त न्यायाधीश पद पूर्ति गर्न नेपालको संविधानको धारा १२९ को उपधारा (५) बमोजिम न्यायाधीश हुन योग्यता पुगेका तथा न्याय परिषद ऐन, २०७३ को दफा ५ मा उल्लिखित आधारहरू समेतबाट उच्च अदालतका न्यायाधीश एवं कानून व्यवसायीहरूमध्ये तुलनात्मक रुपमा योग्यतम देखिएका देहायका न्यायाधीश एवं कानून व्यवसायीहरूलाई सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त गर्न नेपालको संविधानको धारा २९२ तथा न्याय परिषद् ऐन, २०७३ को दफा ६ बमोजिम संसदीय सुनुवाईको लागि संघीय संसदमा पठाउने र सुनुवाई भई आएपछि नियुक्तिको लागि नेपालको संविधानको धारा १२९ बमोजिम राष्ट्रपति समक्ष सिफारिस गर्ने भनी न्याय परिषदको बैठकबाट निर्णय भएकोमा उल्लिखित निर्णयानुसार उच्च अदालतका न्यायाधीश श्री विनोद शर्माको संघीय संसदबाट सुनुवाई भई आएकोले मिति २०८०।०५।३१ मा सर्वोच्च अदालतको न्यायाधीश पदमा सम्माननीय राष्ट्रपतिज्यूबाट नियुक्ति समेत भइसकेको र अन्य उच्च अदालतका न्यायाधीश एवं कानून व्यवसायीहरूको हकमा संसदीय सुनुवाईको प्रक्रियामा रहेको छ।

देहायः

क्र.सं.	नाम र थर	पद, अदालत/ प्रमाणपत्र नम्वर र मिति	निर्णय मिति
१.	श्री विनोद शर्मा	न्यायाधीश, उच्च अदालत पाटन (काज सर्वोच्च अदालत)	२०८०।०५।१०
२.	श्री शारङ्गा सुवेदी	न्यायाधीश, उच्च अदालत जनकपुर	२०८०।०८।०५
३.	श्री अब्दुल अजिज मुसलमान	न्यायाधीश, उच्च अदालत पाटन हेटौंडा इजलास	२०८०।०८।०५
४.	श्री महेश शर्मा पौडेल	न्यायाधीश, उच्च अदालत पाटन	२०८०।०८।०५

५.	श्री टेकप्रसाद ढुङ्गाना	न्यायाधीश, उच्च अदालत पाटन	२०८०।०८।०५
६.	श्री सुनिल कुमार पोखरेल	वरिष्ठ अधिवक्ता, प्रमाणपत्र नम्वर ५००	२०८०।०८।०५
७.	श्री बालकृष्ण ढकाल	वरिष्ठ अधिवक्ता, प्रमाणपत्र नम्वर ५५२	२०८०।०८।०५

ख) उच्च अदालतः

मुख्य न्यायाधीशः

न्याय परिषदको मिति २०८०।०८।०५ को बैठकले उच्च अदालतमा रिक्त मुख्य न्यायाधीश पदमा देहायका उच्च अदालतका न्यायाधीशहरूलाई नियुक्ति गरी पदस्थापन गर्न नेपालको संविधानको धारा १४० को उपधारा (१) बमोजिम सम्माननीय प्रधान न्यायाधीश समक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

क्र.सं.	न्यायाधीशका नाम, थर र पद	नियुक्ति तथा पदस्थापन हुने पद र अदालत
१.	श्री लोहितचन्द्र शाह न्यायाधीश,उच्च अदालत विराटनगर, इलाम इजलास	मुख्य न्यायाधीश उच्च अदालत सुर्खेत
२.	श्री माधवप्रसाद पोखरेल न्यायाधीश,उच्च अदालत सुर्खेत	मुख्य न्यायाधीश उच्च अदालत पोखरा
३.	श्री रमेशप्रसाद राजभण्डारी न्यायाधीश,उच्च अदालत विराटनगर	मुख्य न्यायाधीश उच्च अदालत विराटनगर
४.	श्री श्रीकान्त पौडेल न्यायाधीश,उच्च अदालत सुर्खेत अध्यक्ष, विशेष अदालत	मुख्य न्यायाधीश उच्च अदालत जनकपुर
५.	श्री नित्यानन्द पाण्डेय न्यायाधीश, उच्च अदालत तुलसीपुर, वुटवल इजलास	मुख्य न्यायाधीश उच्च अदालत तुलसीपुर
६.	श्री शान्ति सिंह थापा न्यायाधीश,उच्च अदालत जनकपुर, राजविराज इजलास	मुख्य न्यायाधीश उच्च अदालत दिपायल

न्यायाधीशः

न्याय परिषदको मिति २०८०।०५।२९ को बैठकले उच्च अदालतमा रिक्त न्यायाधीश पदमा देहायका व्यक्तिहरूलाई नियुक्त गर्न र मिति २०८०।०५।३१ को बैठकले देहाय बमोजिम पदस्थापन गर्न प्रधानन्यायाधीश समक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

सि.नं.	नाम, थर, पद र कार्यालय/अदालत	पदस्थापन हुने पद र अदालत
१.	श्री श्याम कुमार भट्टराई सचिव, बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग	न्यायाधीश,उच्च अदालत पाटन
२.	श्री राधाकृष्ण उप्रेती न्यायाधीश, स्याङजा जिल्ला अदालत	न्यायाधीश,उच्च अदालत जनकपुर, राजविराज इजलास
३.	श्री हरिश्चन्द्र ढुङ्गाना न्यायाधीश,तनहुँ जिल्ला अदालत	न्यायाधीश,उच्च अदालत जनकपुर, वीरगञ्ज इजलास
४.	श्री धनसिंह महरा न्यायाधीश, बाँके जिल्ला अदालत	न्यायाधीश,उच्च अदालत पोखरा
५.	श्री ब्रजेश प्याकुरेल न्यायाधीश, धनुषा जिल्ला अदालत	न्यायाधीश,उच्च अदालत पाटन
६.	श्री ऋषिराम निरौला न्यायाधीश,मकवानपुर जिल्ला अदालत	न्यायाधीश,उच्च अदालत जनकपुर,वीरगञ्ज इजलास
७.	श्री चन्द्रमणि ज्ञवाली न्यायाधीश,झापा जिल्ला अदालत	न्यायाधीश,उच्च अदालत पाटन
८.	श्री राजुकुमार खतिवडा न्यायाधीश,काठमाडौं जिल्ला अदालत	न्यायाधीश,उच्च अदालत पोखरा
९.	श्री योगेन्द्रप्रसाद साह न्यायाधीश, धनकुटा जिल्ला अदालत	न्यायाधीश,उच्च अदालत जनकपुर,वीरगञ्ज इजलास
१०.	श्री खडानन्द तिवारी न्यायाधीश,नवलपरासी जिल्ला अदालत	न्यायाधीश,उच्च अदालत जनकपुर,वीरगञ्ज इजलास
११.	श्री कविप्रसाद न्यौपाने न्यायाधीश,सर्लाही जिल्ला अदालत	न्यायाधीश,उच्च अदालत दिपायल,महेन्द्रनगर इजलास
१२.	श्री प्रकाश खरेल न्यायाधीश, कास्की जिल्ला अदालत	न्यायाधीश,उच्च अदालत पाटन

१३.	श्री कृष्णराम कोइराला न्यायाधीश,रुपन्देही जिल्ला अदालत	न्यायाधीश,उच्च अदालत पाटन
१४.	श्री स्वीकृति पराजुली न्यायाधीश, धादिङ जिल्ला अदालत	न्यायाधीश,उच्च अदालत तुलसीपुर, वुटवल इजलास
१५.	श्री काजीबहादुर राई न्यायाधीश,सिराहा जिल्ला अदालत	न्यायाधीश,उच्च अदालत सुर्खेत
१६.	श्री रितेन्द्र थापा न्यायाधीश, चितवन जिल्ला अदालत	न्यायाधीश,उच्च अदालत विराटनगर
१७.	श्री मोहनराज भट्टराई न्यायाधीश, काभ्रेपलाञ्चोक जिल्ला अदालत	न्यायाधीश,उच्च अदालत जनकपुर,वीरगञ्ज इजलास
१८.	श्री अर्जुन अधिकारी न्यायाधीश, सुनसरी जिल्ला अदालत	न्यायाधीश,उच्च अदालत जनकपुर, राजविराज इजलास
१९.	श्री विनोदकुमार पोखरेल न्यायाधीश, पर्सा जिल्ला अदालत	न्यायाधीश,उच्च अदालत जनकपुर
२०.	श्री नारायण प्रसाद रेग्मी सह रजिष्ट्रार, सर्वोच्च अदालत	न्यायाधीश,उच्च अदालत पाटन
२१.	श्री सुशिल कोइराला सहसचिव, कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय	न्यायाधीश,उच्च अदालत विराटनगर, धनकुटा इजलास
२२.	श्री अचुतम कुमार आचार्य, महोत्तरी, अधिवक्ता, प्र.प.नं. ५७३८	न्यायाधीश,उच्च अदालत तुलसीपुर
२३.	श्री गोविन्द जोशी, डोटी, अधिवक्ता, प्र.प.नं. ६८५०	न्यायाधीश,उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलास
२४.	श्री पुन्यशिला दवाडी घिमिरे, ललितपुर, अधिवक्ता, प्र.प.नं. ६९३३	न्यायाधीश,उच्च अदालत तुलसीपुर, वुटवल इजलास
२५.	श्री पुर्ण प्रसाद राजवंशी, झापा, अधिवक्ता, प्र.प.नं. ७७२०	न्यायाधीश,उच्च अदालत जनकपुर, राजविराज इजलास
२६.	श्री यज्ञ बहादुर राना मगर, तनहुँ, अधिवक्ता, प्र.प.नं. ७९३२	न्यायाधीश,उच्च अदालत पोखरा, बाग्लुङ इजलास
२७.	श्री अर्जुन महर्जन, ललितपुर, अधिवक्ता, प्र.प.नं. ८३६५	न्यायाधीश,उच्च अदालत जनकपुर, वीरगञ्ज इजलास

ग) जिल्ला अदालतः

न्याय परिषदको देहायको निर्णयले नेपालको संविधानको धारा १४९ को उपधारा (२) बमोजिम देहायका न्याय सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतहरूलाई देहाय बमोजिम जिल्ला न्यायाधीश पदमा नियुक्ति गरी पदस्थापन गर्न सिफारिस गरेको छ।

सि.नं.	नाम, थर,पद र कार्यरत कार्यालय	पदस्थापन हुने पद र अदालत	निर्णय मिति
१.	श्री चन्द्रकुमार पोखरेल उप न्यायाधिवक्ता महान्यायाधिवक्ताको कार्यालय	जिल्ला न्यायाधीश तनहुँ जिल्ला अदालत	२०८०।०५।२९
२.	श्री वशिष्टकुमार घिमिरे, कानून अधिकृत, खानेपानी मन्त्रालय	जिल्ला न्यायाधीश रुपन्देही जिल्ला अदालत	२०८०।०६।०२
३.	श्री योगनाथ ढकाल जिल्ला न्यायाधिवक्ता,जिल्ला सरकारी वकिल कार्यालय चितवन	जिल्ला न्यायाधीश धनुषा जिल्ला अदालत	२०८०।०६।०२
४.	श्री शम्भु गौतम उप न्यायाधिवक्ता, विशेष सरकारी वकिल कार्यालय	जिल्ला न्यायाधीश सुनसरी जिल्ला अदालत	२०८०।०६।०२
५.	श्री राजेन्द्रसिंह भण्डारी उप न्यायाधिवक्ता, उच्च सरकारी वकिल कार्यालय दिपायल	जिल्ला न्यायाधीश नवलपरासी जिल्ला अदालत	२०८०।०६।०२
६.	श्री रामचन्द्र शर्मा, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय स्याङ्जा	जिल्ला न्यायाधीश कास्की जिल्ला अदालत	२०८०।०६।०२
७.	श्री ज्ञानेन्द्र इटेनी इजलास अधिकृत,सर्वोच्च अदालत	जिल्ला न्यायाधीश सिराहा जिल्ला अदालत	२०८०।०६।०२
८.	श्री कृतबहादुर वोहरा इजलास अधिकृत, सर्वोच्च अदालत	जिल्ला न्यायाधीश कपिलवस्तु जिल्ला अदालत	२०८०।०६।०२
९.	श्री पारसमणि पोखरेल इजलास अधिकृत,सर्वोच्च अदालत।	जिल्ला न्यायाधीश मोरङ जिल्ला अदालत	२०८०।०६।०२

१०.	श्री संजिव पोखरेल रजिष्ट्रार,उच्च अदालत विराटनगर, ओखलढुंगा इजलास	जिल्ला न्यायाधीश सप्तरी जिल्ला अदालत	२०८०।०६।०२
११.	श्री इन्द्रबहादुर कठायत इजलास अधिकृत सर्वोच्च अदालत	जिल्ला न्यायाधीश बाँके जिल्ला अदालत	२०८०।०६।०२
१२.	श्री शम्भुप्रसाद बराल स्रेस्तेदार,नुवाकोट जिल्ला अदालत	जिल्ला न्यायाधीश बारा जिल्ला अदालत	२०८०।०६।०२
१३.	श्री हिरण्यप्रसाद भण्डारी इजलास अधिकृत,सर्वोच्च अदालत	जिल्ला न्यायाधीश सुर्खेत जिल्ला अदालत	२०८०।०६।०२
१४.	श्री रुद्रमणि गिरी उप रजिस्ट्रार, उच्च अदालत तुलसीपुर	जिल्ला न्यायाधीश पर्सा जिल्ला अदालत	२०८०।०६।०२
१५.	श्री दुर्गाप्रसाद खनाल इजलास अधिकृत,सर्वोच्च अदालत	जिल्ला न्यायाधीश काठमाडौं जिल्ला अदालत	२०८०।०६।०२
१६.	श्री उपेन्द्रकेशर खनाल, कानून अधिकृत,शहरी विकास मन्त्रालय	जिल्ला न्यायाधीश सिराहा जिल्ला अदालत	२०८०।०६।०२
१७.	श्री रेशराज शर्मा, कानून अधिकृत,संस्कृति,पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय	जिल्ला न्यायाधीश मोरङ जिल्ला अदालत	२०८०।०६।०२
१८.	श्री लोकबहादुर हमाल इजलास अधिकृत,सर्वोच्च अदालत	जिल्ला न्यायाधीश दाङ जिल्ला अदालत	२०८०।०६।०२
१९.	श्री कोशलेश्वर ज्ञवाली स्रेस्तेदार,काठमाडौं जिल्ला अदालत	जिल्ला न्यायाधीश महोत्तरी जिल्ला अदालत	२०८०।०६।०२
२०.	श्री आनन्दराज पन्त इजलास अधिकृत,सर्वोच्च अदालत	जिल्ला न्यायाधीश सिराहा जिल्ला अदालत	२०८०।०६।०२

२१.	श्री यदुराज शर्मा उप रजिष्ट्रार,सर्वोच्च अदालत	जिल्ला न्यायाधीश धनुषा जिल्ला अदालत	२०८०।०६।०२
२२.	श्री उदविर नेपाली इजलास अधिकृत,सर्वोच्च अदालत	जिल्ला न्यायाधीश सप्तरी जिल्ला अदालत	२०८०।०६।०२
२३.	श्री नगेन्द्रकुमार कालाखेती उप रजिस्ट्रार,सर्वोच्च अदालत	जिल्ला न्यायाधीश सुनसरी जिल्ला अदालत	२०८०।०६।०२
२४.	श्री नगेन्द्रकेशरी पोखरेल सम्पादक,सर्वोच्च अदालत	जिल्ला न्यायाधीश झापा जिल्ला अदालत	२०८०।०६।०२
२५.	श्री महेश खनाल उप रजिस्ट्रार,सर्वोच्च अदालत	जिल्ला न्यायाधीश सिराहा जिल्ला अदालत	२०८०।०६।०२
२६.	श्री जुद्धबहादुर आलेमगर उप न्यायाधिवक्ता,उच्च सरकारी वकिल कार्यालय राजविराज	जिल्ला न्यायाधीश मोरङ जिल्ला अदालत	२०८०।०६।०२
२७.	श्री मोना सिंह, जिल्ला न्यायाधिवक्ता,जिल्ला सरकारी वकिल कार्यालय ताप्लेजुङ	जिल्ला न्यायाधीश पर्सा जिल्ला अदालत	२०८०।०६।०२
२८.	श्री नेत्रप्रसाद भुषाल रजिस्ट्रार,उच्च अदालत पोखरा,बाग्लुङ इजलास	जिल्ला न्यायाधीश धनुषा जिल्ला अदालत	२०८०।०६।०२
२९.	श्री रामप्रसाद पौडेल इजलास अधिकृत,सर्वोच्च अदालत	जिल्ला न्यायाधीश झापा जिल्ला अदालत	२०८०।०६।०२
३०.	श्री कुमार मास्के स्रेस्तेदार,महोत्तरी जिल्ला अदालत	जिल्ला न्यायाधीश रौतहट जिल्ला अदालत	२०८०।०६।०२
३१.	श्री दिपेन्द्र थापा मगर उप रजिष्ट्रार,सर्वोच्च अदालत	जिल्ला न्यायाधीश रुपन्देही जिल्ला अदालत	२०८०।०६।०२
३२.	श्री रामाकान्त यादव इजलास अधिकृत,सर्वोच्च अदालत	जिल्ला न्यायाधीश बाँके जिल्ला अदालत	२०८०।०६।०२

३३.	श्री निलकण्ठ बराल उप रजिष्ट्रार,उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलास	जिल्ला न्यायाधीश रुपन्देही जिल्ला अदालत	२०८०।०६।०२
३४.	श्री प्रदिपकुमार उपाध्याय इजलास अधिकृत,सर्वोच्च अदालत	जिल्ला न्यायाधीश कैलाली जिल्ला अदालत	२०८०।०६।०२
३५.	श्री शिवकुमार पोखरेल उपसचिव,विशेष अदालत	जिल्ला न्यायाधीश काभ्रेपलाञ्चोक जिल्ला अदालत	२०८०।०६।०२
३६.	श्री श्याम प्रसाद श्रेष्ठ कानून अधिकृत, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	जिल्ला न्यायाधीश रुपन्देही जिल्ला अदालत	२०८०।०६।०२
३७.	श्री उषा श्रेष्ठ स्रेस्तेदार,सिन्धुपाल्चोक जिल्ला अदालत	जिल्ला न्यायाधीश सुनसरी जिल्ला अदालत	२०८०।०६।०२

२.२ सरुवा एवं काजः

क) **उच्च अदालतः**

न्याय परिषदको मिति २०८०।०५।२९, २०८०।०५।३१, २०८०।०६।०२, २०८०।०८।०५ र २०८०।०८।२८ का बैठकले उच्च अदालतका ५७ जना न्यायाधीशहरूलाई सरुवा गर्न र २०८०।०२।१६, २०८०।०५।१३, २०८०।०६।०२ र २०८०।०८।०५ का बैठकले १३ जना न्यायाधीशहरूलाई काजमा खटाउन प्रधानन्यायाधीश समक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

ख) **जिल्ला अदालतः**

न्याय परिषदको मिति २०८०।०५।२९, २०८०।०५।३१ र २०८०।०६।०२ का बैठकले जिल्ला अदालतका ४९ जना न्यायाधीशहरूलाई सरुवा गर्न सम्माननीय प्रधानन्यायाधीश समक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

२.३ विशेष अदालतको अध्यक्ष एवं सदस्य पदमा तोक्न परामर्शः

न्याय परिषदको मिति २०८०।०८।०५ को बैठकले विशेष अदालतको अध्यक्ष एवं सदस्य पदमा देहायका उच्च अदालतका न्यायाधीशहरूलाई तोक्न नेपाल सरकारलाई परामर्श दिने निर्णय गरेको छ।

क्र.सं.	न्यायाधीशका नाम, थर र पद	परामर्श दिइएको पद
१.	श्री टेकनारायण कुँवर न्यायाधीश, उच्च अदालत दिपायल	अध्यक्ष
२.	श्री तेजनारायण सिंह राई न्यायाधीश, उच्च अदालत जनकपुर, राजविराज इजलास	सदस्य
३.	श्री रामबहादुर थापा न्यायाधीश, उच्च अदालत विराटनगर, धनकुटा इजलास	सदस्य
४.	श्री मुरारी बाबु श्रेष्ठ न्यायाधीश, उच्च अदालत पाटन	सदस्य
५.	श्री रितेन्द्र थापा न्यायाधीश, उच्च अदालत विराटनगर	सदस्य

२.४ न्यायाधिकरणमा पदाधिकारी तोकिएकोः

न्याय परिषदको मिति २०८०।०८।०५ को बैठकले देहायका न्यायाधिकरणको कानून सदस्य एवं अध्यक्ष पदमा उच्च अदालतका देहायका न्यायाधीशहरूलाई तोक्न नेपाल सरकारलाई परामर्श दिने निर्णय गरेको छ।

क्र.सं.	न्यायाधीशका नाम, थर र पद	न्यायाधिकरण
१.	श्री राजन प्रसाद भट्टराई न्यायाधीश,उच्च अदालत पोखरा	राजश्व न्यायाधिकरण पोखरा
२.	श्री विपुल न्यौपाने न्यायाधीश,उच्च अदालत विराटनगर	राजश्व न्यायाधिकरण विराटनगर

३.	श्री रमेश ढकाल न्यायाधीश,उच्च अदालत पाटन	राजश्व न्यायाधिकरण काठमाडौं
४.	श्री कृष्ण गिरी न्यायाधीश,उच्च अदालत दिपायल	वैदेशिक रोजगार न्यायाधिकरण

२.५ सैनिक विशेष अदालत पदाधिकारी तोकिएकोः

न्याय परिषदको मिति २०८०।०८।०५ को बैठकले सैनिक विशेष अदालतको अध्यक्ष पदमा अदालतको कामकाज समेत गर्ने गरी उच्च अदालत पाटनका न्यायाधीश श्री लेखनाथ पौडेललाई तोक्न सैनिक ऐन,२०६३ को दफा ११९ बमोजिम नेपाल सरकारलाई परामर्श दिने निर्णय गरेको छ।

२.६ न्याय परिषदमा परेका उजुरीहरूको संख्यात्मक विवरणः

न्याय परिषदमा उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशहरू उपर बुलेटिन तयारीको क्रमसम्म परेका उजुरीहरूको विवरण देहाय बमोजिम रहेको छः

क) उजुरीहरूको प्रकृतिगत विवरणः

क्र.सं.	उजुरीको प्रकृति	लगत	फछ्र्यौट	बाँकी	२ वर्ष माथिको बाँकी	१-२ वर्ष भित्रको बाँकी	१ वर्ष भित्रको बाँकी
१	कार्यक्षमताको अभाव	७९	५	७४	८	२४	४२
२	खराब आचरण वा आचारसंहिताको गम्भीर उल्लघंन	१९२	२८	१६४	१९	६४	८१
३	इमान्दारीपूर्वक कर्तव्य पालना नगरेको वा बदनियतपूर्वक कार्य	९	-	९	४	१	४

	गरेको।						
४	कार्यक्षमताको अभाव, खराब आचरण र आचारसंहिताको गम्भीर उल्लघंन	४७	१५	३२	३	१८	११
५	खराब आचरण र इमान्दारीपूर्वक कर्तव्य पालना नगरेको वा बदनियत पूर्वक काम गरेको	३	-	३	१	-	२
६	कार्यक्षमताको अभाव र इमान्दारीपूर्वक कर्तव्य पालना नगरेको	९	१	८	-	२	६
	जम्मा	**३३९**	**४९**	**२९०**	**३५**	**१०९**	**१४६**

ख) उजुरीहरूको न्यायाधीशगत बाँकी विवरणः

क्र.सं.	**उजुरीको प्रकृति**	**जिल्ला न्यायाधीश**	**उच्च अदालतका न्यायाधीश**	**जम्मा**
१	कार्यक्षमताको अभाव	५५	७८	१३३
२	खराब आचरण वा आचारसंहिताको गम्भीर उल्लघंन	१३२	१०७	२३९
३	इमान्दारीपूर्वक कर्तव्य पालना नगरेको वा बदनियतपूर्वक कार्य गरेको।	६	४	१०
४	कार्यक्षमताको अभाव र खराब आचरण	२६	२२	४८
५	कार्यक्षमताको अभाव,खराब आचरण र इमान्दारीपूर्वक कर्तव्य पालना नगरेको	२	४	६
६	कार्यक्षमताको अभाव र इमान्दारीपूर्वक कर्तव्य पालना नगरेको	५	११	१६
	जम्मा	**२२६**	**२२६**	**४५२**
	नोटः- एकै न्यायाधीश उपर फरक प्रकृतिको उजुरी परेको भएमा फरक-फरक गणना गरिएको।			

ग) उजुरीहरूको फछ्र्यौट विवरणः

क्र.सं.	फछ्र्यौटको प्रकृति	१ वर्ष भित्रको	१-२ वर्ष भित्रको	२ वर्ष माथिको	जम्मा
१	तामेली	३२	११	६	४९
२	सचेत	-	-	-	-
३	पदमुक्त	-	-	-	-

२.७ विविधः

क. उत्कृष्ट न्यायाधीश छनोटः

उत्कृष्ट न्यायाधीश छनोट गर्न गठित समितिको प्रतिवेदन समेतका आधारमा देहायका उच्च अदालत एवं जिल्ला अदालतका न्यायाधीशहरूलाई यस वर्षको उत्कृष्ट न्यायाधीशको रुपमा छनोट गरी सम्मानित गर्ने भनि न्याय परिषदको मिति २०८०।०८।२८ गतेको बैठकले निर्णय गरेको छः

क्र.सं.	नाम	कार्यरत अदालत
१.	श्री किरणकुमार पोखरेल	उच्च अदालत जनकपुर
२.	डा.श्री राजेन्द्रकुमार आचार्य	काठमाडौं जिल्ला अदालत

ख. निर्वाचन अधिकृत खटाउनेः

- न्याय परिषदको मिति २०७९।१०।०५ को बैठकले मिति २०७९ माघ २५ गते बुधबारका दिन लुम्बिनी प्रदेशबाट प्रतिनिधित्व हुने अन्य समूहको रिक्त राष्ट्रिय सभा सदस्य पदको उपनिर्वाचन सम्पन्न गर्न दाङ जिल्ला अदालतका न्यायाधीश श्री कृपासुर कार्कीलाई

निर्वाचन अधिकृत नियुक्त गर्न एवं जगेडा निर्वाचन अधिकृतका रुपमा न्यायाधीश श्री कुलप्रसाद पाण्डेलाई राख्न तथा मिति २०८०।०८।२८ गतेको न्याय परिषदको बैठकले मिति २०८०।१०।११ गते हुने रिक्त राष्ट्रिय सभा सदस्य पदको निर्वाचनका लागि जिल्ला न्यायाधीशहरू श्री दुर्गाप्रसाद ढुङ्गेल, श्री नारायणप्रसाद सुवेदी, श्री महेन्द्रबहादुर कार्की, श्री केशवप्रसाद बास्तोला, श्री कृपासुर कार्की, श्री विष्णुप्रसाद अर्याल र श्री ओमप्रसाद अर्याललाई निर्वाचन अधिकृत नियुक्त गर्न र जगेडा निर्वाचन अधिकृतका रुपमा श्री विष्णुप्रसाद गौतम, श्री चित्रबहादुर गुरुङ, श्री श्रीप्रसाद संजेल, श्री ऋषिराम आचार्य, श्री कुलप्रसाद पाण्डे, श्री मनोज श्रेष्ठ र श्री विष्णुप्रसाद अवस्थीलाई राख्न राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ७ बमोजिम नेपाल सरकारलाई परामर्श दिने निर्णय गरेको छ।

- न्याय परिषदको मिति २०७९।१०।२२ को बैठकले मिति २०७९ फागुन २५ गते राष्ट्रपतिको र मिति २०७९ चैत्र ३ गते उपराष्ट्रपतिको निर्वाचन सम्पन्न गर्न उच्च अदालत पाटनका न्यायाधीश श्री महेश शर्मा पौडेललाई निर्वाचन अधिकृत नियुक्त गर्न र जगेडा निर्वाचन अधिकृतका रुपमा न्यायाधीश श्री टेकप्रसाद ढुङ्गानालाई राख्न राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ७ बमोजिम नेपाल सरकारलाई परामर्श दिने निर्णय गरेको छ।

ग. राय/प्रतिकृयाः

न्याय परिषदको मिति २०८०।०५।१० को बैठकले बालबालिका पक्ष भएका मुद्दाको चाप अनुसार आवश्यक संख्यामा बाल अदालत गठन गर्न आवश्यक भएकाले सो अदालत गठनका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा राय प्रतिकृया पठाउने निर्णय गरेको छ।

घ. आचारसंहिता खारेजीः

न्याय परिषदको मिति २०८०।०५।२९ को बैठकले न्यायाधीशको आचार संहिता, २०७४ लाई अद्यावधिक रुपमा पुनरावलोकन गरी जारी गर्न आवश्यक व्यवस्थाका लागि सर्वोच्च अदालतमा अनुरोध गरी पठाउने र सर्वोच्च अदालतबाट आचार संहितालाई

पुनरावलोकन/परिमार्जन गरी जारी गरिएपछि सोही आचार संहितालाई न्याय परिषद ऐन, २०७३ को दफा ३३ को देहाय (घ) मा रहेको प्रावधानको प्रयोजनका लागि न्यायाधीशको आचार संहिताको रुपमा यस परिषदबाट मान्यता प्रदान गरी कार्यान्वयन गर्ने, गराउने गरी उक्त आचार संहिता जारी भएपछि तत्काल न्यायाधीशको आचार संहिता, २०७४ खारेज गर्ने निर्णय गरेको छ।

ङ. न्याय परिषद नियमावली, २०७४ को नियम ११ मा संसोधनः

न्याय परिषदको मिति २०८०।०५।२९ को बैठकले न्याय सेवाका अधिकृतहरू समेत उच्च अदालतको न्यायाधीश पदमा नियुक्त हुने गरेको परिप्रेक्ष्यमा कनिष्ठ व्यक्ति पहिले नियुक्त भएको अवस्थामा पछि निजभन्दा वरिष्ठ व्यक्तिको नियुक्ति भए पनि निजले कनिष्ठ न्यायाधीशको हैसियतमा नै कार्यरत रहनु परेको अवस्था विद्यमान रहेकोले यसबाट न्यायाधीशको आत्म-सम्मानमा प्रभाव पर्ने गरेको देखिएकोले कानूनी रुपमा उचित व्यवस्थापन गरी न्यायोचित र मर्यादित तबरबाट ज्येष्ठता निर्धारण नगरिँदा न्यायिक व्यवस्थापनका लागि अपेक्षाकृत योग्य र सक्षम व्यक्तिहरूलाई प्रशासनिक पदाधिकारीको रुपमा कायम राख्न कठिनाई पैदा भएको कुरालाई तत्काल तार्किक रुपमा सम्वोधन गर्न वाञ्छनीय देखिएकोले सो व्यवस्थाका लागि न्याय परिषद नियमावली, २०७४ मा संशोधन गरी नियम ११ मा थप गर्ने निर्णय गरेको छ। उक्त थप व्यवस्था परिशिष्टाङ्क-२ मा राखिएको छ।

च. न्यायाधीश नियुक्तिको प्रक्रिया सम्बन्धी निर्देशिका, २०७९ स्थगन, सुधार एवं परिमार्जनः

न्याय परिषदको मिति २०८०।०५।२९ को बैठकले न्यायाधीश नियुक्तिको प्रक्रिया सम्बन्धी निर्देशिका, २०७९ स्थगन गर्ने साथै उक्त निर्देशिका सुधार र परिमार्जनका लागि आवश्यक अध्ययन तथा सरोकारवालाहरूसँग परामर्श गरी सुझाव पेश गर्न माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा संयोजक, माननीय श्री रामप्रसाद भण्डारी(सम्भव) सदस्य र श्री देवेन्द्रराज ढकाल सदस्य सचिव रहने गरी समिति निर्माण गर्ने निर्णय गरेको छ।

परिच्छेद - तीन
न्याय सेवा आयोगबाट सम्पादित कार्यहरूको विवरण

३.१ जिल्ला न्यायाधीश पदको परीक्षाः

न्याय सेवा आयोगको मिति २०८०।०५।३१ गतेको बैठकले लोक सेवा आयोगबाट लिएको लिखित परीक्षामा सम्मिलित भएका उम्मेदवारहरूमध्ये श्री पारसमणि पोखरेलको नाम अन्तरवार्ताको लागि प्रकाशन गर्ने निर्णय गरेको छ।

३.२ जिल्ला न्यायाधीश नियुक्ति सम्बन्धीः

न्याय सेवा आयोगको मिति २०८०।०६।०१ गतेको बैठकले जिल्ला न्यायाधीश पदको अन्तरवार्तामा सम्मिलित भएका उम्मेदवारहरूमध्ये श्री पारसमणि पोखरेललाई छनोट गरी नियुक्तिको लागि न्याय परिषदमा सिफारिस गर्ने र न्याय परिषदद्वारा पदपूर्तिका लागि आन्तरिक खुला, खुल्ला र समावेशी समूह तर्फ छुट्याइएको पदमध्ये २८(अट्ठाइस) पद परीक्षाबाट पूर्ति हुन नसकेकोले उक्त पूर्ति हुन नसकेका पदहरू न्याय परिषद नियमावली, २०७४ को नियम ६ को उपनियम(४) बमोजिम नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (क) बमोजिम पूर्ति हुने पदमा समावेश गर्ने प्रयोजनार्थ न्याय परिषदमा लेखी पठाउने गरी निर्णय गरेको छ।

३.३ नियुक्ति, बढुवा, पदस्थापन तथा सरुवा सम्बन्धीः

३.३.१ विशिष्ट श्रेणीमाः

क) न्याय सेवा आयोगको विभिन्न मितिको बैठकले नेपाल न्याय सेवाको विशिष्ट श्रेणीको रिक्त पदमा न्याय सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरू मध्येबाट देहाय बमोजिमका अधिकृतहरूलाई बढुवा नियुक्ति गरी पदस्थापना गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

क्र.स	नाम	निर्णय मिति
१.	श्री गोपालप्रसाद रिजाल	२०८०।१०।२२

२.	श्री संजीवराज रेग्मी	२०८०।०१।२९
३.	श्री फणिन्द्र गौतम	२०८०।०५।१९
४.	श्री लोकराज पराजुली	२०८०।०६।०१

ख) न्याय सेवा आयोगको मिति २०७९।१०।२२ र २०८०।०५।१९ का बैठकले नेपाल न्याय सेवाका विशिष्ट श्रेणीका ५ जना अधिकृतहरूलाई सरुवा गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

३.३.२ न्याय सेवाको रा.प.प्रथम श्रेणीः

क) न्याय सेवा आयोगको मिति २०७९।१०।२२ को बैठकले नेपाल न्याय सेवा, न्याय समूह, रा.प.प्रथम श्रेणीको पदमा श्री विश्वजंग सिजापतीलाई बढुवा नियुक्ति गरी पदस्थापन गर्न सिफारिस गर्ने निर्णय गरेको छ।

ख) न्याय सेवा आयोगको मिति २०८०।०१।२९ को बैठकले नेपाल न्याय सेवा सरकारी वकिल समूहको रिक्त राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरहको पदमा लोक सेवा आयोगबाट लिइएको आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट सिफारिस भई आएकी श्री मिना गुरुङ र खुला प्रतियोगितात्मक परीक्षाबाट सिफारिस भई आएकी श्री पुजा खत्रीलाई नियुक्ति एवं पदस्थापन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

ग) न्याय सेवा आयोगको मिति २०८०।०३।११ को बैठकले नेपाल न्याय सेवा सरकारी वकिल समूह राजपत्राङ्कित प्रथम श्रेणीमा श्री हरिशंकर ज्ञवालीलाई बढुवा नियुक्ति गरी पदस्थापन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

घ) न्याय सेवा आयोगको मिति २०८०।०१।२९,२०८०।०५।१९, २०८०।०६।२१ र २०८०।०६।२१ का बैठकले नेपाल न्याय सेवा न्याय, कानून र सरकारी वकिल समूह रा.प.प्रथम श्रेणीका ३३ जना अधिकृतहरूलाई सरुवा गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

३.३.३ न्याय सेवाको रा.प. द्वितीय श्रेणीः

क) न्याय सेवा आयोगको मिति २०८०।१।२९ को बैठकले नेपाल न्याय सेवा, न्याय, कानून र सरकारी वकिल समूह, रा.प. द्वितीय श्रेणीका पदमा ज्येष्ठताको आधारमा न्याय समूहमा रमेशबहादुर कुँवर, नवराज गौतम, बद्रीप्रसाद लामिछाने, राजेन्द्र लुईटेल, ज्ञानेन्द्र दाहाल र मदनराज भट्टराई, कानून समूहमा प्रकाश न्यौपाने, ईश्वरीप्रसाद आचार्य र राजेन्द्रप्रसाद अधिकारी र सरकारी वकिल समूहमा रमेश भट्टराई, सुधा योगी के.सी, श्रीराम खनाल, चुरामणी पराजुली र रामप्रसाद पन्थी तथा कार्यक्षमताको मूल्याङ्कनको आधारमा न्याय समूहमा विदुर नेपाल, केशव पराजुली, खेमकुमारी बस्नेत, सरिता रिजाल, नारायण पौडेल र रामचन्द्र के.सी, कानून समूहमा मनुका घिमिरे, इन्दुदेवी न्यौपाने र मुना चगुठी तथा सरकारी वकिल समूहमा जगतबहादुर बोहरा, मुना भट्टराई, दीपेन्द्र दनुवार, गोविन्दप्रसाद हुमागाइ, भीमसेन काफ्ले र भगवती गौतमलाई बढुवा नियुक्ति गरी पदस्थापन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

ख) न्याय सेवा आयोगको मिति २०८०।०१।२९ को बैठकले नेपाल न्याय सेवा न्याय, कानून र सरकारी वकिल समूहका रिक्त राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरहको पदमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा लोक सेवा आयोगबाट सिफारिस भएका मध्ये न्याय समूहमा कमलकान्त जोशी, इशा सुवेदी र शिशिर लामिछाने, कानून समूहमा मुना राउत र विनय मिश्र र सरकारी वकिल समूहमा पूर्णप्रसाद शर्मा, श्रीधर अर्याल र कर्मसिंह लामालाई नियुक्ति एवं पदस्थापन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

ग) न्याय सेवा आयोगको मिति २०८०।०३।११ को बैठकले नेपाल न्याय सेवा न्याय, कानून र सरकारी वकिल समूहका रिक्त राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरहको पदमा लोक सेवा आयोगबाट सिफारिस भई आएका व्यक्तिहरू मध्ये खुला (महिला) प्रतियोगिताद्वारा सिफारिस भई आएकी श्री सृजना गौतमका हकमा सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी भएकोले निज बाहेकका अन्य व्यक्तिहरू मध्ये न्याय

समूहमा गोकुल पन्त, हिरा डंगोल र कालिबहादुर साम्यू लिम्बु, कानून समूहमा डिल्लीप्रसाद आचार्य र सरकारी वकिल समूहमा गणेश पौडेल र शोभा पाठकलाई नियुक्ति एवं पदस्थापन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

घ) न्याय सेवा आयोगको मिति २०७९।१०।२२, २०८०।०१।२९, २०८०।०३।११, २०८०।०५।१९ र २०८०।०६।२१ का बैठकले नेपाल न्याय सेवा न्याय, कानून र सरकारी वकिल समूह राजपत्राङ्कित द्वितीय श्रेणीका ३२५ जना अधिकृतहरूलाई सरुवा गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

३.३.४ न्याय सेवाको रा.प. तृतीय श्रेणीमाः

क) न्याय सेवा आयोगको मिति २०८०।०१।२९ को बैठकले रा.प.तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरहको पदमा कानून समूह तर्फ पारसमणि शर्मा र रोमिका भट्टराईलाई बढुवा नियुक्ति तथा पदस्थापन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

ख) न्याय सेवा आयोगको मिति २०८०।०५।१३ को बैठकले रा.प.तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरहको पदमा न्याय समूह तर्फ ठाकुरदेव खड्का, सोमप्रसाद भट्टराई, पुष्पा पराजुली, सरिता बराल, रोशनी लाखे, संगीता घिमिरे, बिमला कोइराला, डिल्लीराज पौडेल, राधाकृष्ण रिजाल, मुरारी सुवेदी, त्रिविक्रम ज्ञवाली र भेषकुमारी अधिकारी(पौडेल) र सरकारी वकिल समूह तर्फ टेकनाथ खनाल, एकनारायण ढकाल, पार्वती तामाङ, मदनराज चौलागाई, शान्तिप्रसाद बराल, कमल सुनार, शारदा कुमारी घिमिरे र गोपाल पौडेललाई बढुवा नियुक्ति गरी पदस्थापन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

ग) न्याय सेवा आयोगको मिति २०८०।०६।२१ को बैठकले नेपाल न्याय सेवा न्याय, कानून र सरकारी वकिल समूहका रिक्त राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरहको पदमा लोक सेवा आयोगबाट खुला प्रतियोगिताबाट सिफारिस भई आएका न्याय समूहतर्फ पुजा चौधरी, दुर्गा नाथ, प्रेमप्रसाद रेग्मी, पवित्रा गर्तौला पोखरेल, एलिना घिमिरे, मनोविज्ञान शर्मा, मदन बेल्बासे, खगेन्द्रबहादुर थापा, सोफिया थापा, अस्मिता सुबेदी,

सीताराम साह, सिकिन्द्रकुमार यादव, अर्जुनकुमार कार्की, चन्द्र कला राई र प्रकाशकुमार कर्ण, कानून समूहतर्फ निरा गिरी, रिया भट्टराई, अस्मिता अर्याल, संगिता बडाल, विमला पौडेल, कुसुम कार्की, भावना बर्णवाल र निर्मला श्रीस तथा सरकारी वकिल समूहतर्फ विपना अधिकारी, शिला भुसाल, पुजा पन्थी, उमेशविजश्री थारु, रत्नकेशरी महर्जन, सागर बराल, नमुना गोदार, ज्योति चौधरी, प्रतिक्षा खड्का, मिलन अधिकारी, तेजप्रसाद पाण्डे, सुनमाया मल्ल, भुवनप्रसाद ज्ञवाली, हेमप्रसाद डुम्रे, प्रियंका वलाल, सन्तोष अधिकारी, सृजना आचार्य, दिपिका आचार्य, सीता शर्मा, जुना शर्मा, दिनेश साह, तप्तबहादुर रावत, चन्द्रशेखर साह तेली, सिमीकुमारी गुप्ता, सुष्मा नगरकोटी, विष्णुकुमारी चौधरी, रमा श्रेष्ठ र भेषबहादुर गुरुङलाई नियुक्ति गरी पदस्थापन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

घ) न्याय सेवा आयोगको मिति २०७९।१०।२२, २०८०।१।२९, २०८०।३।११ र २०८०।६।२१ का बैठकले नेपाल न्याय सेवा न्याय, कानून र सरकारी वकिल समूह राजपत्राङ्कित तृतीय श्रेणीका ६५२ जना अधिकृतहरूलाई सरुवा गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

३.४ विविधः

क) प्रतिशत निर्धारण सम्बन्धमाः

न्याय सेवा आयोगको मिति २०८०।०६।२१ को बैठकले न्याय सेवाको राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीका अधिकृतहरूको रिक्त पदमा पदपूर्ति गर्न देहाय बमोजिम प्रतिशत निर्धारण गर्ने निर्णय गरेको छः

सेवा समूह र श्रेणी	जम्मा पद	खुला प्रतियोगिता	कार्यक्षमताको मूल्याङ्कन	आन्तरिक प्रतियोगिता	ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कन
न्याय समूह रा.प. प्रथम	२	-	१	१	-
कानून समूह रा.प. प्रथम	४	१	१	-	२

सरकारी वकिल समूह रा.प. प्रथम	५	१	१	१	२
न्याय समूह रा.प. द्वितीय	३८	४	१३	७	१४
कानून समूह रा.प. द्वितीय	१०	१	४	२	३
सरकारी वकिल समूह रा.प.द्वितीय	१५	१	५	३	६

उल्लिखित पदहरूमध्ये आन्तरिक र खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पद नेपालको संविधानको धारा १५४ बमोजिम लोक सेवा आयोगमा लेखी पठाइएको छ। साथै ज्येष्ठता र कार्यसम्पादन तथा कार्यक्षमता मूल्याङ्कन अन्तर्गतका पदहरू पूर्ति गर्न न्याय सेवा आयोगले दरखास्त आव्हान गरेको छ।

परिच्छेद - चार
न्याय परिषद सचिवालयका गतिविधि

४.१ न्यायिक अनुगमन तथा निगरानी गतिविधिः

न्याय परिषदका माननीय सदस्य एवं न्यायिक अनुगमन तथा निगरानी समितिका सदस्य श्री रामप्रसाद श्रेष्ठले मिति २०७९ साल चैत्र महिनाको २३ गते देखि २६ गतेसम्म उच्च अदालत विराटनगर, उच्च अदालत विराटनगर इलाम इजलास तथा मातहत जिल्ला अदालतहरूबाट भएको काम कारवाही एवं न्यायाधीशले पालना गर्नु पर्ने आचार संहिता पालना गरे नगरेको विषयमा सम्वन्धित क्षेत्रका न्यायाधीश, कानून ब्यवसायी, सरकारी वकिल, अदालतका कर्मचारी र सेवाग्राहीसँग धारणा बुझ्ने लगायतका कार्यहरू सम्पन्न गर्नु भएको छ।

४.२ अन्तरक्रिया कार्यक्रमः

न्याय परिषदले सर्वोच्च अदालतका माननीय न्यायाधीशहरूसँग हाल कायम रहेको उच्च अदालत र जिल्ला अदालतको दरवन्दी विवरण र पुनरावलोकनको आवश्यकताका सन्दर्भमा मिति २०८०।०३।३० गते काठमाडौंमा एक दिवसीय अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको छ।

४.३ कर्मचारी पुरस्कृतः

मिति २०८०।०५।२२ गते निजामती सेवा दिवस, २०८० को अवसरमा न्याय परिषद सचिवालयमा कार्यरत कर्मचारीहरू मध्येबाट उत्कृष्ट कर्मचारीको रूपमा न्याय परिषद सचिवालयका नायव सुब्बा श्री पुष्पराज खनाल र कार्यलय सहायक टंकप्रसाद निरौलालाई नगद पुरस्कार र सम्मानपत्र सहित पुरस्कृत गरिएको छ।

४.४ विविधः

न्याय परिषद सचिवालयमा कार्यरत सहसचिव श्री भीमकुमार श्रेष्ठ मिति २०८०।०३।१५ गते अनिवार्य अवकाश हुनु भई रिक्त हुन आएको उक्त पदमा विशेष अदालतका रजिष्ट्रार श्री अशोककुमार क्षेत्रीको सरुवा भएको छ। सचिवालयमा कार्यरत उपसचिवहरू श्री दीपक धिताल सर्वोच्च अदालतमा, उपसचिव श्री दुर्गाप्रसाद भट्टराई ललितपुर जिल्ला अदालतमा, शाखा अधिकृतहरू श्री दीपेन्द्र पौडेल काठमाडौं जिल्ला अदालतमा, श्री प्रतिमा ज्ञवाली उच्च अदालत पाटन र श्री रमेश आचार्यको कास्की जिल्ला अदालतमा सरुवा भएको छ।

सरुवाबाट रिक्त हुन आएको उल्लिखित पदहरूमध्ये काठमाडौं जिल्ला अदालतमा कार्यरत फैसला कार्यान्वयन अधिकारी श्री सिता अधिकारीको उपसचिव पदमा र अर्घाखाँची जिल्ला अदालतमा कार्यरत तहसीलदार श्री शान्ता पन्थी, सर्वोच्च अदालत र काठमाडौं जिल्ला अदालतमा कार्यरत शाखा अधिकृत श्री सुसन दाहाल र श्री दिपक दाहालको यस सचिवालयमा सरुवा भएको छ।

परिशिष्टाङ्क-१

न्याय परिषद ऐन, २०७३

प्रमाणीकरण र प्रकाशन मिति

२०७३।५।२७

२०७३ सालको ऐन नं.

न्याय परिषदको काम, कर्तव्य र अधिकारसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावनाः न्यायाधीशको नियुक्ति, सरूवा, अनुशासनसम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासनसम्बन्धी अन्य विषयमा सिफारिस गर्ने वा परामर्श दिने सम्बन्धमा न्याय परिषदको काम, कर्तव्य र अधिकारसम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसद्ले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "न्याय परिषद ऐन, २०७३" रहेको छ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "अदालत" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले न्याय परिषदको अध्यक्ष सम्झनु पर्छ।

(ग) "जाँचबुझ समिति" भन्नाले दफा १९ बमोजिमको जाँचबुझ समिति सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ङ) "न्याय परिषद" भन्नाले संविधानको धारा १५३ बमोजिमको न्याय परिषद सम्झनु पर्छ।

(च) "न्यायाधीश" भन्नाले अदालतको न्यायाधीश सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले न्याय परिषदको सदस्य सम्झनु पर्छ र सो शब्दले न्याय परिषदको अध्यक्षलाई समेत जनाउँछ।

(ज) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

३. अभिलेख तयार गर्ने : (१) न्याय परिषदले संविधानबमोजिम न्यायाधीशको पदमा नियुक्ति हुन योग्यता पुगेका नेपाली नागरिकहरूको अभिलेख तयार गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि न्याय परिषदले सर्वोच्च अदालत, न्याय सेवा आयोग, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, नेपाल कानून व्यवसायी परिषदलगायतका अन्य उपयुक्त संस्थासमेतबाट संविधानबमोजिम न्यायाधीशको पदमा नियुक्त हुन योग्यता पुगेका व्यक्तिको विवरण माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त हुने विवरणका अतिरिक्त न्याय परिषदले सार्वजनिक सूचना प्रकाशन गरी संविधानबमोजिम न्यायाधीशको पदमा नियुक्त हुन योग्यता पुगेका व्यक्ति र यो ऐन प्रारम्भ हुनुअगाडि कुनै अदालतको न्यायाधीश वा पुनरावेदन अदालतको अतिरिक्त न्यायाधीश भई काम गरेका संविधानबमोजिम न्यायाधीशको पदमा नियुक्ति हुन सक्ने व्यक्तिको विवरण सङ्कलन गर्नेछ।

(४) यस दफा बमोजिमको अभिलेख न्याय परिषदको सचिवको जिम्मामा रहने छ।

(५) यस दफा बमोजिमको अभिलेख गोप्य रहनेछ र न्याय परिषदको काममा बाहेक अन्य काममा प्रयोग गरिने छैन।

(६) यस दफाबमोजिम अभिलेख राख्नेसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४. नियुक्तिको लागि सिफारिस गर्ने अवधि : (१) न्याय परिषदले उमेरको हदबाट अवकाश हुने सर्वोच्च अदालतका न्यायाधीशको पद यकिन गरी त्यस्तो पद रिक्त हुनुभन्दा कम्तीमा एक महिनाअगाडि नियुक्तिको लागि सिफारिस गर्नेछ।

(२) उमेरको हदबाट अवकाश भएकोमा बाहेक अन्य कारणबाट सर्वोच्च अदालतको न्यायाधीशको पद रिक्त हुन आएमा न्याय परिषदले त्यस्तो पद रिक्त भएको मितिले एक महिनाभित्र नियुक्तिको लागि सिफारिस गर्नेछ।

(३) उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पद रिक्त हुन आएमा न्याय परिषदले त्यस्तो पद रिक्त भएको मितिले तीन महिनाभित्र नियुक्तिको लागि सिफारिस गर्नेछ।

५. नियुक्तिको लागि सिफारिसका आधार : (१) न्याय परिषदले संविधानको अधीनमा रही समानुपातिक समावेशी सिद्धान्तबमोजिम देहायका आधारमा कुनै नेपाली नागरिकलाई न्यायाधीशको पदमा नियुक्तिको लागि सिफारिस गर्नेछ :-

(क) संविधान र यस ऐनबमोजिम न्यायाधीशको पदमा नियुक्त हुन योग्यता पुगेको,

(ख) वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमान्दारी, निष्पक्षता, पेसागत तथा नैतिक आचरण, सार्वजनिक जीवनमा आर्जन गरेको ख्याति, न्याय र कानूनको क्षेत्रमा गरेको योगदानसमेतका दृष्टिकोणबाट न्यायाधीशको पदमा नियुक्त गर्न उपयुक्त भएको,

(ग) दफा ३ बमोजिमको अभिलेखमा नाम समावेश भएको,

(घ) संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) वा (ग) बमोजिम नियुक्त हुने जिल्ला न्यायाधीशको हकमा न्याय सेवा आयोगले सोही धाराको उपधारा (३) बमोजिम सिफारिस गरेको।

(२) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ बमोजिमको अभिलेखमा नाम समावेश नभएको कारणले मात्र त्यस्तो व्यक्तिलाई न्यायाधीशको पदमा नियुक्त गर्न बाधा पर्ने छैन।

(३) न्यायाधीशको पदमा बहाल रहेको वा कुनै अदालतको न्यायाधीश वा पुनरावेदन अदालतको अतिरिक्त न्यायाधीश भई काम गरिसकेको व्यक्ति वा न्याय सेवाको अधिकृतलाई सर्वोच्च अदालत वा उच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिको लागि सिफारिस गर्दा उपदफा (१) मा लेखिएका आधारका अतिरिक्त न्याय परिषदले देहायका कुरालाई समेत विचार गर्नुपर्नेछ :-

(क) सर्वोच्च अदालत वा उच्च अदालतले मातहतका अदालतको आवधिक वा आकस्मिक निरीक्षण गरी पेस गरेको मूल्याङ्कन प्रतिवेदनमा नियुक्तिको लागि सिफारिस गर्न खोजिएको व्यक्तिको सम्बन्धमा उल्लेख भएका कुराहरू,

(ख) सम्बन्धित व्यक्तिको ज्येष्ठता, योग्यता र कार्य सम्पादन मूल्याङ्कन,

(ग) उच्च अदालत वा जिल्ला अदालतको बहालवाला न्यायाधीश वा कुनै अदालतको न्यायाधीश वा पुनरावेदन अदालतको अतिरिक्त न्यायाधीश भई काम गरिसकेको व्यक्ति भएमा निजले वार्षिक रूपमा फैसला गरेको मुद्दाको अनुपात र फैसला गरेको मुद्दाको अनुपातमा माथिल्लो अदालतमा अन्तिम निर्णय हुँदा सदर वा आंशिक वा पूरै बदर भएको विवरण।

तर न्यायाधीश वा पुनरावेदन अदालतको अतिरिक्त न्यायाधीश भई काम गरिसकेको व्यक्तिको हकमा वार्षिक रूपमा फैसला गरेको मुद्दाको अनुपात कायम गर्दा निजले न्यायाधीशको रूपमा काम गर्दाको अवधिमा फैसला गरेको मुद्दाको अनुपात कायम गर्नुपर्नेछ।

(४) न्याय परिषदले कुनै कानून व्यवसायी वा न्याय र कानूनको क्षेत्रमा काम गरेको व्यक्तिलाई न्यायाधीशको पदमा नियुक्तिको लागि सिफारिस गर्दा उपदफा (१) मा लेखिएको कुराको अतिरिक्त व्यावसायिक निरन्तरता तथा न्याय र कानूनको क्षेत्रमा गरेको योगदानको मूल्याङ्कन र निजको अघिल्लो सेवासम्बन्धी कुनै विवरण भए सोसमेतलाई विचार गर्नुपर्नेछ।

(५) न्याय परिषदले उपदफा (१) को खण्ड (ख) र उपदफा (३) को प्रयोजनको लागि निरीक्षण प्रतिवेदन, कार्य सम्पादनसम्बन्धी प्रतिवेदन वा मूल्याङ्कन तथा सेवासम्बन्धी अन्य विवरण सम्बन्धित अदालत वा कार्यालयबाट झिकाई हेर्न सक्नेछ।

६. <u>संसदीय सुनुवाइको लागि लेखी पठाउने</u> : (१) न्याय परिषदले कुनै व्यक्तिलाई सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिको लागि सिफारिस गरेमा न्याय

परिषदको सचिवले संविधानको धारा २९२ बमोजिम हुने संसदीय सुनुवाइको लागि त्यस्तो सिफारिस व्यवस्थापिका-संसद् सचिवालयमा पठाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम संसदीय सुनुवाइको लागि पठाइएकोमा संसदीय सुनुवाइ भई व्यवस्थापिका-संसद् सचिवालयबाट सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिको लागि योग्य ठहरिएको भनी लेखी आएको वा त्यस्तो सुनुवाइसम्बन्धी निर्णय हुन नसकेको अवस्थामा प्रचलित कानूनबमोजिम नियुक्तिको लागि बाधा नपर्ने अवस्थामा सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिको लागि सिफारिस गरेको व्यक्तिलाई न्याय परिषदको सचिवले नियुक्तिको लागि राष्ट्रपतिसमक्ष पेस गर्न राष्ट्रपतिको कार्यालयमा पठाउनुपर्नेछ।

७. <u>न्यायाधीश पदमा नियुक्त हुन नसक्ने</u> : देहायको व्यक्ति न्यायाधीशको पदमा नियुक्त हुन सक्ने छैनः-

(क) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा अदालतबाट सजाय पाएको,

(ख) व्यावसायिक आचार संहिता उल्लङ्घन गरेबापत सम्बन्धित निकायबाट सजाय पाएको दुई वर्ष पूरा नभएको,

(ग) भविष्यमा सरकारी वा सार्वजनिक संस्थाको सेवाको निमित्त अयोग्य ठहरिने गरी पदबाट बर्खास्त गर्ने गरी विभागीय सजाय पाएको,

(घ) सम्बन्धित सेवासम्बन्धी कानूनबमोजिम नसिहत पाएकोमा त्यस्तो नसिहत पाएको एक वर्ष पूरा नभएको वा बढुवा रोक्का वा तलब वृद्धि रोक्का भएकोमा सो रोक्का भएको अवधि पूरा नभएको,

(ङ) संविधानको धारा २९१ बमोजिम अयोग्य भएको,

(च) प्रचलित सङ्घीय कानूनबमोजिम निलम्बनमा रहेको,

(छ) दफा १४ बमोजिम सचेत गराइएको मितिले दुई वर्ष पूरा नभएको,

(ज) प्रचलित कानूनबमोजिम कालो सूचीमा परेको,

(झ) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य रहेको,

(ञ) दामासाहीमा परेको, वा

(ट) मानसिक सन्तुलन ठीक नभएको।

८. जिल्ला न्यायाधीशको पदपूर्तिसम्बन्धी व्यवस्था : (१) न्याय परिषदले जिल्ला अदालतमा रिक्त न्यायाधीशको पद संविधानको धारा १४९ को उपधारा (२) बमोजिम पूर्ति गर्नेछ।

(२) उपदफा (१) बमोजिम पदपूर्तिको लागि न्याय परिषदले जिल्ला न्यायाधीशको तत्काल रिक्त पद र प्रत्येक वर्षको चैत्र मसान्तभित्र रिक्त हुन आउने पदसमेत यकिन गरी संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (क), (ख) र (ग) बमोजिमको पदपूर्तिको प्रतिशत निर्धारण गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रतिशत निर्धारण भएपछि संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम पदपूर्ति गरिने जिल्ला न्यायाधीशको पदमा उपयुक्त व्यक्ति छनोट गरी सिफारिस गर्न न्याय परिषदले न्याय सेवा आयोगमा लेखी पठाउने छ।

(४) न्याय परिषदले प्रत्येक वर्षको चैत्र मसान्तभित्र यस दफाबमोजिम जिल्ला न्यायाधीशको पदपूर्ति गर्ने समयतालिका बनाउनु पर्नेछ।

९. उम्मेदवार हुन नसक्ने : दफा ७ बमोजिम न्यायाधीशको पदमा नियुक्ति हुन नसक्ने व्यक्ति संविधानको धारा १४९ को उपधारा (२) बमोजिम जिल्ला न्यायाधीशको पदपूर्ति गर्दा लिइने परीक्षामा उम्मेदवार हुन सक्ने छैन।

१०. कार्यक्षमताको अभाव : देहायको अवस्थामा न्यायाधीशमा कार्यक्षमताको अभाव रहेको मानिने छ :-

(क) उचित कारण बिना कानूनद्वारा निर्धारित अवधिभित्र मुद्दाको कारबाही र किनारा नगरेमा,

(ख) मुद्दामा एकै पटक गर्न सकिने आदेश वा निर्णय एकै पटक नगरी वा कानूनबमोजिम मुलतबी राख्नु नपर्ने मुद्दा मुलतबी राखी वा मुलतबी रहेको मुद्दा नजगाई असान्दर्भिक वा कानून प्रतिकूल कारबाही वा आदेश गरी मुद्दालाई अनावश्यक रूपमा लम्ब्याएमा,

(ग) मुद्दाको कारबाही र किनारा गर्दा स्वाभाविक रूपमा भन्दा कम मात्रामा कार्य सम्पादन गरेमा,

(घ) मुद्दाको कारबाही र किनारा गर्दा असान्दर्भिक कानूनको प्रयोग गरी वा कानूनको स्पष्ट र असंदिग्ध व्याख्या वा अर्थलाई उपेक्षा गरी अर्कै व्याख्या वा अर्थ गरी कारबाही र किनारा गरेमा,

(ङ) एकै किसिमको कानूनी प्रश्न रहेको भिन्न भिन्न मुद्दामा भिन्न भिन्न राय कायम गरी कारबाही वा निर्णय गरेमा

तर कुनै मुद्दामा पहिले व्यक्त गरेको राय त्रुटिपूर्ण रहेको ठानी आधार र कारण खुलाई रायमा परिवर्तन गरेकोमा यो खण्ड लागू हुने छैन।

(च) मुद्दाका पक्षलाई उपस्थित गराएको वा तारिखका दिन मनासिब कारणबिना गर्नु पर्ने काम नगरी पन्छाएकोमा,

(छ) प्रमाण बुझ्ने आदेश गर्दा पक्षहरूको मुख मिलेको र नमिलेको तथ्य वा प्रश्न स्पष्ट नगरी प्रमाण बुझ्ने मात्र आदेश गरेमा,

(ज) सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तको प्रतिकूल निर्णय गरेमा, वा

तर सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तमा एकरूपता वा निश्चितता कायम भई नसकेको अवस्थामा यो खण्ड लागू हुने छैन।

(झ) पदीय दायित्व निर्वाह गर्नका लागि अपेक्षित स्तरको कार्यक्षमता नरहेको पुष्टि हुने अन्य कुनै काम गरेमा।

११. <u>खराब आचरण वा आचार संहिताको गम्भीर उल्लंघन</u> : (१) देहायको अवस्थामा न्यायाधीशले खराब आचरण गरेको मानिनेछ :-

(क) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसुर गरेमा,

(ख) लागू औषधको सेवन गरेमा,

(ग) अदालतको समयमा मादक पदार्थ सेवन गरेमा,

(घ) सार्वजनिक स्थल वा समारोहमा अशिष्ट वा उच्छृङ्खल व्यवहार गरेमा,

(ङ) राजनीतिमा भाग लिएमा,

तर कानूनबमोजिम मताधिकारको प्रयोग गरेको विषयलाई राजनीतिमा भाग लिएको मानिने छैन।

(च) अनुचित प्रभावमा परी वा कानून विपरीत मुद्दामा कारबाही र किनारा गरेमा,

(छ) सरकारी वा सार्वजनिक सम्पत्ति वा आफूलाई प्राप्त कुनै सुविधाको दुरूपयोग गरेमा, वा

(ज) इजलासमा रहँदा अदालतको मर्यादा भङ्ग हुने वा पदीय अनुशासन वा मर्यादाको प्रतिकूल हुने कुनै आचरण गरेमा।

(२) न्यायाधीशले यस ऐनबमोजिम बनाएको आचार संहिताको गम्भीर उल्लङ्घन हुने कार्य गरेमा वा त्यस्तो आचार संहिताको पटक पटक उल्लङ्घन गरेमा आचार संहिताको गम्भीर उल्लङ्घन गरेको मानिनेछ।

१२. <u>इमान्दारीपूर्वक कर्तव्य पालन नगरेको वा बदनियतपूर्वकको काम कारबाही</u> : देहायको अवस्थामा न्यायाधीशले आफ्नो कर्तव्य इमान्दारीपूर्वक पालन नगरेको वा बदनियतपूर्वक काम कारबाही गरेको मानिनेछ :-

(क) मुद्दालाई पन्छाउने, लम्ब्याउने वा अनुचित रूपमा प्रभाव पार्ने मनसायले कुनै काम गरेमा,

(ख) मनासिब कारणबिना निर्धारित समयमा इजलासमा नबस्ने वा मुद्दाको सुनुवाइ नगरेमा,

(ग) मनासिब कारणबिना निर्धारित समयभित्र फैसला वा आदेश नलेखेमा,

(घ) बिदा स्वीकृत नगराई पटक पटक अदालतमा अनुपस्थित हुने गरेमा, वा

(ङ) माथिल्लो अदालतले दिएको आदेश वा प्रशासकीय विषयमा प्रधान न्यायाधीश, उच्च अदालतको मुख्य न्यायाधीश वा निरीक्षण गर्ने न्यायाधीशले दिएको निर्देशनको मनासिब अवधिभित्र पालन नगरेमा।

१३. <u>कार्य सम्पादन गर्न असमर्थ मानिने</u> : (१) कुनै न्यायाधीश संविधानको धारा १३१ को खण्ड (घ), धारा १४२ को उपधारा (१) को खण्ड (घ) वा धारा १४९ को उपधारा (६) को खण्ड (घ) बमोजिम शारीरिक वा मानसिक अस्वस्थताको कारणले सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहे नरहेको यकिन गर्न न्याय परिषदले नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डमा लेखी पठाउने छ।

(२) उपदफा (१) बमोजिम लेखी पठाइएकोमा मेडिकल बोर्डले कुनै न्यायाधीशलाई शारीरिक वा मानसिक कारणले कार्य सम्पादन गर्न असमर्थ भएको भनी सिफारिस गरेमा त्यस्तो न्यायाधीश शारीरिक वा मानसिक रूपले कार्य सम्पादन गर्न असमर्थ भएको मानिने छ।

(३) कुनै न्यायाधीशले यस दफाबमोजिम मेडिकल बोर्डबाट शारीरिक वा मानसिक अवस्थाको परीक्षण गराउन इन्कार गरेमा निज शारीरिक वा मानसिक रूपमा कार्य सम्पादन गर्न असमर्थ भएको मानिनेछ।

(४) उपदफा (२) बमोजिम शारीरिक वा मानसिक रूपले कार्य सम्पादन गर्न असमर्थ भएको न्यायाधीशलाई पदमुक्त गर्न न्याय परिषदले प्रधान न्यायाधीशसमक्ष सिफारिस गर्नेछ।

तर सर्वोच्च अदालतको न्यायाधीशको हकमा संविधानको धारा १३१ को खण्ड (घ) बमोजिम गरिने छ।

१४. <u>कारबाही गर्ने</u> : (१) न्याय परिषदले दफा १० वा १२ बमोजिमको अवस्थामा पहिलो पटक सम्बन्धित न्यायाधीशलाई सचेत गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सचेत गराउँदा पनि दफा १० वा १२ बमोजिमको अवस्थामा सुधार नभएमा वा दफा ११ बमोजिम खराब आचरण वा आचार संहिताको गम्भीर उल्लङ्घन गरेमा त्यस्तो न्यायाधीशउपर न्याय परिषदले संविधानको धारा १४२ को उपधारा (१) को खण्ड (ग) वा धारा १४९ को उपधारा (६) को खण्ड (ग) बमोजिम कारबाही गर्नु पर्नेछ।

तर सर्वोच्च अदालतका न्यायाधीशको हकमा संविधानको धारा १३१ बमोजिम हुनेछ।

१५. निरीक्षण सम्बन्धी व्यवस्था : (१) उच्च अदालतको मुख्य न्यायाधीशले प्रत्येक वर्ष सम्बन्धित उच्च अदालत वा मातहतका जिल्ला अदालतका न्यायाधीशको काम कारबाहीको सम्बन्धमा निरीक्षण गरी न्याय परिषदमा प्रतिवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त देहायका विवरण उल्लेख गर्नु पर्नेछः-

(क) सम्बन्धित न्यायाधीशलाई खटाइएको स्थानमा रहेको वार्षिक रुजु हाजिरीको विवरण,

(ख) सम्बन्धित अदालतमा रहेको मुद्दाको अनुपातमा वर्षभरिमा न्यायाधीशले गरेको फैसलाको विवरण,

(ग) सम्बन्धित न्यायाधीशले गरेको फैसला माथिल्लो अदालतबाट सदर वा बदर भएकोमा सोको विवरण,

(घ) अदालत व्यवस्थापन तथा सञ्चालनसम्बन्धी अन्य काम कारबाहीको विवरण।

(३) न्याय परिषदले न्यायाधीशको मूल्याङ्कन वा निजउपर कारबाही गर्दा उपदफा (१) बमोजिमको प्रतिवेदनलाई आधार लिन सक्नेछ।

(४) निरीक्षणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१६. अनुगमन तथा निगरानी सम्बन्धी व्यवस्था : (१) न्याय परिषदले न्यायाधीशको काम कारबाही तथा आचरणको नियमित अनुगमन गर्न वा निगरानी राख्न न्याय परिषदको कुनै सदस्यको संयोजकत्वमा एक वा तीन सदस्यीय न्यायिक अनुगमन तथा निगरानी समिति गठन गर्न सक्नेछ।

(२) न्याय परिषदको सचिवले उपदफा (१) बमोजिमको समितिको सचिवको रूपमा काम गर्नेछ।

(३) उपदफा (१) बमोजिम गठित समितिले संविधान र कानूनबमोजिम न्यायाधीशले पालन गर्नु पर्ने कर्तव्य वा पदीय आचरण पालन गरे वा नगरेको विषयमा वा न्याय परिषदले तोकेको अन्य काम कारबाहीको अनुगमन गर्न वा निगरानी राख्न सक्नेछ।

(४) उपदफा (३) को प्रयोजनको लागि आवश्यकताअनुसार सम्बन्धित उच्च अदालतका मुख्य न्यायाधीश, सम्बन्धित न्यायाधीश बहाल रहेको अदालतको अन्य न्यायाधीश, कर्मचारी, त्यस्तो अदालतमा कानून व्यवसाय गर्ने कानून व्यवसायी वा सेवाग्राहीसँग सम्बन्धित न्यायाधीशका सम्बन्धमा रहेको धारणा बुझ्न सक्नेछ।

(५) उपदफा (३) बमोजिम अनुगमन तथा निगरानीको काम गर्दा न्यायिक अनुगमन तथा निगरानी समितिले आवश्यकताअनुसार न्याय परिषदका राजपत्राङ्कित कर्मचारीको सहयोग लिन सक्नेछ।

(६) उपदफा (३) बमोजिम अनुगमन तथा निगरानीको काम गर्दा गोप्य रूपमा गर्नु पर्नेछ।

(७) न्यायिक अनुगमन तथा निगरानी समितिले आफूले सम्पादन गरेको काम कारबाहीको प्रतिवेदन न्याय परिषदले तोकेको अवधिभित्र न्याय परिषदसमक्ष पेस गर्नु पर्नेछ।

(८) न्याय परिषदले न्यायाधीशको मूल्याङ्कन गर्दा वा निजउपर कारबाही गर्दा उपदफा (७) बमोजिमको प्रतिवेदनलाई आधार लिन सक्नेछ।

१७. <u>उजुरीसँग सम्बद्ध मुद्दाको अध्ययन</u> : (१) कुनै मुद्दाको सम्बन्धमा कुनै न्यायाधीश विरुद्ध न्याय परिषदमा उजुरी परेमा न्याय परिषदले त्यस्तो मुद्दाको अध्ययन गर्न कुनै सदस्यलाई तोक्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि सम्बन्धित अदालतले सदस्यले माग गरेको कागजात वा फाइल उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको सदस्यले उजुरीसँग सम्बद्ध मुद्दाको अध्ययन गरी न्याय परिषदले तोकेको अवधिभित्र आफ्नो रायसहितको प्रतिवेदन न्याय परिषदमा पेस गर्नु पर्नेछ।

१८. <u>प्रारम्भिक छानबिन</u> : (१) न्याय परिषदमा प्राप्त उजुरी वा अनुगमन वा निरीक्षण प्रतिवेदनको आधारमा वा न्याय परिषद आफैले उच्च अदालत वा जिल्ला अदालतको कुनै न्यायाधीशको विरुद्धमा छानबिन गर्न आवश्यक देखेमा न्याय परिषदले कुनै

सदस्य वा सर्वोच्च अदालतको कुनै न्यायाधीशलाई त्यसको प्रारम्भिक छानबिन गर्नको लागि तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकेको सदस्य वा न्यायाधीशले सम्बन्धित न्यायाधीश वा अन्य सम्बद्ध व्यक्तिसँग सोधपुछ गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम तोकेको सदस्य वा न्यायाधीशले प्रारम्भिक छानबिनको विषयसँग सम्बन्धित कुनै कागजात माग गर्न सक्नेछ। त्यसरी माग गरिएको कागजात उपलब्ध गराउनु त्यस्तो अदालत वा निकायको कर्तव्य हुनेछ।

(४) उपदफा (१) बमोजिम तोकेको सदस्य वा न्यायाधीशले न्याय परिषदले तोकेको अवधिभित्र आफ्नो रायसहितको प्रारम्भिक छानबिन प्रतिवेदन न्याय परिषदमा पेस गर्नु पर्नेछ।

१९. <u>जाँचबुझ समिति :</u> (१) दफा १७ वा १८ बमोजिम प्राप्त प्रतिवेदनबाट वा न्याय परिषद आफैंले उच्च अदालत वा जिल्ला अदालतको कुनै न्यायाधीशको विरुद्धमा जाँचबुझ गराउन आवश्यक देखेमा न्याय परिषदको कुनै सदस्य वा सर्वोच्च अदालतको न्यायाधीशको अध्यक्षतामा सम्बन्धित क्षेत्रको विज्ञसहितको तीन सदस्यीय जाँचबुझ समिति गठन गरी तत्सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(२) जाँचबुझ समितिले न्याय परिषदले तोकेको अवधिभित्र जाँचबुझ सम्पन्न गरी न्याय परिषदमा प्रतिवेदन पेस गर्नुपर्ने छ।

(३) जाँचबुझ समितिको कार्यालय न्याय परिषदको सचिवालयमा रहनेछ र जाँचबुझ समितिको लागि आवश्यक पर्ने कर्मचारी र स्रोत साधन न्याय परिषदले उपलब्ध गराउनेछ।

(४) जाँचबुझ समितिको सचिवको काम न्याय परिषदको सचिव वा न्याय परिषदले तोकेको सङ्घीय न्याय सेवाको राजपत्राङ्कित कर्मचारीले गर्नेछ।

२०. <u>जाँचबुझ समितिको अधिकार</u> : (१) जाँचबुझ समितिले उच्च अदालत वा जिल्ला अदालतको जाँचबुझ गर्न लागिएको न्यायाधीशलाई सूचना दिने, सूचना तामेल गर्ने, बयान गराउने वा साक्षी प्रमाण बुझ्ने सम्बन्धमा जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम गठित आयोगले प्रयोग गर्ने अधिकार प्रयोग गर्न सक्नेछ।

(२) यस दफा अन्तर्गत हुने जाँचबुझ समितिको काम कारबाही गोप्य हुनेछ।

(३) जाँचबुझ समितिले जाँचबुझको कारबाही भएको ठाउँमा आरोप लागेको उच्च अदालत वा जिल्ला अदालतको न्यायाधीश, सम्बन्धित कानून व्यवसायी तथा उजुरवालाबाहेक अरू कुनै व्यक्तिलाई उपस्थित हुने वा कारबाहीमा भाग लिने अनुमति दिने छैन।

(४) जाँचबुझ समितिले दिएको आदेशको अवहेलना गर्ने वा जाँचबुझको कारबाहीमा बाधा पुऱ्याउने व्यक्तिलाई जाँचबुझ समितिले तीन हजार रूपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुबै सजाय गर्न सक्नेछ।

(५) जाँचबुझ समितिले उपदफा (४) बमोजिम सजायको आदेश नदिँदै सम्बन्धित व्यक्तिले जाँचबुझ समितिसमक्ष क्षमा माग्न सक्नेछ। त्यसरी क्षमा मागेको कुरामा जाँचबुझ समिति सन्तुष्ट भएमा जाँचबुझ समितिले कुनै सजाय गर्ने छैन।

(६) उपदफा (४) बमोजिम जाँचबुझ समितिले सजाय गरेको व्यक्तिले जाँचबुझ समितिलाई सन्तोष हुने गरी क्षमा मागेमा जाँचबुझ समितिले आफूले गरेको सजाय कार्यान्वयन नगर्न सक्नेछ।

(७) जाँचबुझ समितिले जाँचबुझको काम समाप्त भएपछि आफ्नो राय सहित जाँचबुझको प्रतिवेदन र तत् सँग सम्बन्धित कागजात न्याय परिषदको सचिवालयमा बुझाउनु पर्नेछ।

२१. <u>सफाइको मौका दिने</u> : (१) दफा १७, १८ वा १९ बमोजिम प्राप्त प्रतिवेदन अध्ययन गर्दा आरोपित उच्च अदालत वा जिल्ला अदालतको न्यायाधीशलाई संविधान, यस ऐन वा अन्य प्रचलित कानूनबमोजिम कारबाही गर्नु पर्ने देखिएमा न्याय परिषदले कारण र आधार खुलाई मनासिब अवधि तोकी सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र सफाइ पेस नगरेमा वा पेस गरेको सफाइ सन्तोषजनक नदेखिएमा आरोपित न्यायाधीशलाई यस ऐनबमोजिमको कुनै सजाय गर्न वा न्याय परिषदले उच्च अदालत वा जिल्ला अदालतको आरोपित न्यायाधीशलाई संविधानको धारा १४२ को उपधारा (१) को खण्ड (ग) तथा धारा १४९ को उपधारा (६) को खण्ड (ग) बमोजिम गर्न प्रधान न्यायाधीशसमक्ष सिफारिस गर्नेछ।

तर प्रचलित कानूनबमोजिम मुद्दा चलाउनु पर्ने रहेछ भने कानूनबमोजिम मुद्दा दायर गर्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

२२. भ्रष्टाचारको कसुरमा अनुसन्धान तथा मुद्दा दायर : (१) संविधानको धारा १५३ को उपधारा (६) बमोजिमको विषयमा अनुसन्धान गर्न न्याय परिषदले सर्वोच्च अदालत वा उच्च अदालतको कुनै न्यायाधीशलाई अनुसन्धान अधिकृतको रूपमा काम गर्न तोक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुसन्धान अधिकृतले उच्च अदालतको न्यायाधीश वा जिल्ला अदालतको न्यायाधीशउपर अनुसन्धान गर्दा भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिमको अनुसन्धान अधिकारीले प्रयोग गर्ने अधिकार प्रयोग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको अनुसन्धान गर्दा अनुसन्धान अधिकारीले उच्च अदालत वा जिल्ला अदालतको कुनै न्यायाधीशउपर भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको अभियोगमा मुद्दा चलाउनु पर्ने देखेमा सोही बेहोराको प्रतिवेदन न्याय परिषदमा पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको प्रतिवेदनको आधारमा न्याय परिषदले मुद्दा चलाउनु पर्ने देखेमा त्यस्तो विषयमा निर्णय गरी भ्रष्टाचारसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न प्रचलित कानूनबमोजिम नेपाल सरकारले तोकेको अदालतमा न्याय परिषदको तर्फबाट मुद्दा दायर गर्न न्याय परिषदको सचिव वा न्याय परिषदको कुनै राजपत्राङ्कित अधिकृतलाई तोक्नेछ।

(५) उपदफा (४) बमोजिम मुद्दा दायर गर्ने निर्णय गर्नुअघि न्याय परिषदले त्यस्तो विषयमा महान्यायाधिवक्तासँग परामर्श लिन सक्नेछ।

(६) यस दफाबमोजिम दायर भएको मुद्दामा महान्यायाधिवक्ता वा मातहतको सरकारी वकिलबाट प्रतिरक्षा हुनेछ।

(७) यस दफाबमोजिम मुद्दा चलेको विषयमा न्यायाधीशबाहेक अन्य व्यक्तिसमेत संलग्न भएको देखिएमा न्याय परिषदले त्यस्तो व्यक्तिउपर प्रचलित कानूनबमोजिम मुद्दा चलाउन सम्बन्धित निकायमा लेखी पठाउनेछ।

२३. स्वतः निलम्बन हुने : भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम स्वतः निलम्बन हुने अवस्थामा वा खराब आचरणको आधारमा प्रचलित कानूनबमोजिम उच्च अदालत वा जिल्ला अदालतको कुनै न्यायाधीश विरुद्ध मुद्दा दायर भएकोमा मुद्दा दायर भएको मितिदेखि त्यस्तो न्यायाधीश आफ्नो पदबाट स्वतः निलम्बन हुनेछ।

२४. निलम्बनको समाप्ति : उच्च अदालत वा जिल्ला अदालतको कुनै न्यायाधीश विरुद्ध यस ऐनबमोजिम दायर भएको मुद्दामा त्यस्तो न्यायाधीशले सफाइ पाएमा सफाइ पाएको मितिबाट निजको निलम्बन स्वतः समाप्त हुनेछ।

२५. कार्यसम्पादन गर्न नपाउने : उच्च अदालत वा जिल्ला अदालतको कुनै न्यायाधीश विरुद्ध जाँचबुझ गर्न जाँचबुझ समिति गठन भएको वा दफा २२ बमोजिम अनुसन्धान प्रारम्भ भएमा त्यस्तो न्यायाधीशले त्यस्तो कारबाहीको टुङ्गो नलागेसम्म आफ्नो पदको कार्यसम्पादन गर्न पाउने छैन।

२६. तामेलीमा राख्ने : दफा १७, १८ वा १९ बमोजिमको प्रतिवेदनबाट उच्च अदालत वा जिल्ला अदालतको कुनै न्यायाधीश विरुद्धको आरोप तथ्यहीन देखिएमा पछि प्रमाण प्राप्त भएको अवस्थामा कानूनबमोजिम हुने गरी न्याय परिषदले त्यस्तो कारबाहीलाई तामेलीमा राखी सोको जानकारी सम्बन्धित न्यायाधीशलाई दिनु पर्नेछ।

२७. न्यायाधीशको सरूवा तथा काज : (१) साधारणतया एक अदालतमा दुई वर्षको कार्यकाल पूरा गरी नसकेका उच्च अदालत वा जिल्ला अदालतको न्यायाधीशलाई सरूवा गरिने छैन।

(२) उच्च अदालत वा जिल्ला अदालतका न्यायाधीशलाई सरूवा गर्दा साधारणतया हिमाली क्षेत्र, पहाडी क्षेत्र, तराई क्षेत्र र काठमाडौं उपत्यकाको अनुभव हुने गरी सुगम क्षेत्रको अदालतमा कार्यरत न्यायाधीशलाई दुर्गम क्षेत्रको अदालतमा र दुर्गम क्षेत्रको अदालतमा कार्यरत न्यायाधीशलाई सुगम क्षेत्रको अदालतमा पर्ने गरी सरूवा गरिनेछ।

(३) साधारणतया उच्च अदालत वा जिल्ला अदालतको कुनै न्यायाधीशलाई एउटै अदालतमा एक पटकभन्दा बढी हुने गरी सरूवा गरिने छैन।

(४) प्रधान न्यायाधीशले न्याय परिषदको सिफारिसमा आवश्यकताअनुसार एक उच्च अदालतको न्यायाधीशलाई अर्को उच्च अदालतको न्यायाधीशमा काजमा खटाउन सक्नेछ।

(५) प्रधान न्यायाधीशले आवश्यकताअनुसार एक जिल्ला अदालतको न्यायाधीशलाई निश्चित अवधिको लागि अर्को जिल्ला अदालतको न्यायाधीशमा काजमा खटाउन सक्नेछ।

२८. वैयक्तिक विवरण राख्ने : (१) न्याय परिषदले न्यायाधीशको वैयक्तिक विवरण (सिटरोल) तोकिएबमोजिम अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि न्याय परिषदले निजामती किताबखानालगायत सम्बन्धित निकायसँग विवरण माग गर्न सक्नेछ।

(३) पहिलो पटक न्यायाधीशको पदमा नियुक्त भएको व्यक्तिले आफू नियुक्ति भएको मितिले एक महिनाभित्र तोकिएको ढाँचाको वैयक्तिक विवरण फाराम (सिटरोल) भरी न्याय परिषदसमक्ष पेस गर्नु पर्नेछ।

(४) न्यायाधीशको वैयक्तिक विवरणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२९. सम्पत्ति विवरण पेस गर्नु पर्ने : (१) सदस्य र न्यायाधीशले आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र तोकिएबमोजिमको ढाँचामा न्याय परिषदसमक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको अवधि समाप्त भएपछि नियुक्ति भएको सदस्य र न्यायाधीशले आफू नियुक्त भएको मितिले साठी दिनभित्र उपदफा (१) बमोजिम सम्पत्ति विवरण न्याय परिषदसमक्ष पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको सम्पत्ति विवरण गोप्य राखिनेछ।

(४) उपदफा (१) बमोजिमको अवधिभित्र सम्पत्ति विवरण पेस नगर्ने न्यायाधीशहरूको विवरण न्याय परिषदको सचिवले तयार गरी न्याय परिषदमा पेस गर्नेछ।

(५) उपदफा (१) बमोजिमको अवधिभित्र सम्पत्ति विवरण पेस नगर्ने न्यायाधीशलाई न्याय परिषदले पाँच हजार रूपैयाँ जरिवाना गरी सम्पत्ति विवरण पेस गर्ने आदेश दिनेछ।

(६) उपदफा (५) बमोजिम न्याय परिषदको आदेशबमोजिम सम्पत्ति विवरण पेस नगर्ने न्यायाधीशले दफा ११ बमोजिम खराब आचरण गरेको मानिनेछ।

३०. एकीकृत अभिलेख तयार गर्ने : (१) न्याय परिषदले देहायको विवरण सहित प्रत्येक न्यायाधीशको एकीकृत अभिलेख तयार गरी राख्नु पर्नेछ :-

(क) न्यायाधीश पदमा नियुक्ति भएको र अवकाश हुने मिति, निजको योग्यता, अनुभव र विशेषज्ञतासम्बन्धी विवरण,

(ख) निजमाथि कुनै उजुरी परेको भए त्यस्तो उजुरीमा न्याय परिषदबाट भएको निर्णयको संक्षिप्त विवरण,

(ग) संविधान र यस ऐनबमोजिम निजउपर कुनै कारबाही भएको भए त्यसको विवरण,

(घ) निजले गरेको फैसला वा आदेश माथिल्लो अदालतबाट सदर वा बदर भएको विवरण,

(ङ) निजले प्रत्येक अदालतमा गरेको फैसला र आदेशको संख्यात्मक विवरण,

(च) तोकिएबमोजिमको अन्य विवरण।

(२) न्याय परिषदले उपदफा (१) बमोजिमको अभिलेख राख्ने प्रयोजनको लागि आवश्यकताअनुसार छुट्टै सफ्टवेयरको निर्माण गरी सूचना प्रविधिको समेत उपयोग गर्न सक्नेछ।

३१. पदमा नरहेको जानकारी गराउने : (१) कुनै न्यायाधीश उमेरका कारणले अवकाश हुने भएमा न्याय परिषदले निज अवकाश हुनुभन्दा कम्तीमा साठी दिन अगावै सोको जानकारी सम्बन्धित न्यायाधीश र निकायलाई गराउनु पर्नेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य कारणबाट कुनै न्यायाधीश पदमा नरहेमा न्याय परिषदले सोको जानकारी त्यस्तो न्यायाधीश र सम्बन्धित निकायलाई तुरून्त गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अवकाशसम्बन्धी जानकारी गराउने प्रयोजनको लागि न्याय परिषदले देहायको आधारमा न्यायाधीशको उमेर गणना गर्दा जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा उमेर गणना गरी निजको उमेर अद्यावधिक गराई राख्नु पर्नेछः-

(क) निजले पेस गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आउने उमेर,

(ख) निजको नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर,

(ग) निजको वैयक्तिक विवरणमा लेखिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर।

(४) उपदफा (३) बमोजिम न्यायाधीशको उमेर गणना गर्दा शैक्षिक योग्यता वा नागरिकताको प्रमाणपत्र र वैयक्तिक विवरणमा जन्म मिति, वर्ष महिना र गतेसमेत खुलेको र सबैमा एउटै मिति नरहेमा निज जुन मितिबाट पहिले अवकाश हुन्छ सोही मितिअनुसार निजको उमेर गणना गरिनेछ।

(५) कुनै न्यायाधीशको शैक्षिक योग्यता वा नागरिकताको प्रमाणपत्र र वैयक्तिक विवरणमा वर्ष वा संवत् मात्र उल्लेख भएकोमा देहायको आधारमा जन्म मिति कायम गरिनेछः-

(क) नागरिकताको प्रमाणपत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको मितिको आधारमा,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मितिको आधारमा,

(ग) वैयक्तिक विवरणको हकमा सुरु नियुक्ति भएको मितिको आधारमा।

(६) न्यायाधीशले पेस गरेको कुनै प्रमाणपत्रमा वर्षमात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्म मिति खुलेको भएमा र सो प्रमाणपत्रमा उल्लिखित जन्म मितिहरूको बीचमा एक वर्षसम्मको अन्तर देखिएमा पूरा जन्म मिति खुलेकोलाई आधार लिइनेछ।

(७) उपदफा (६) बमोजिम छुट्टा छुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्म मितिको अन्तर एक वर्षभन्दा बढी देखिएमा वर्षमात्र उल्लेख भएको प्रमाणपत्रको आधारमा उपदफा (३) बमोजिम जन्म मिति कायम गरिनेछ।

(८) परिषदले यो दफा लागू भएपछि तीन महिनाभित्र यस दफाबमोजिम न्यायाधीशको उमेर यकिन गरी अभिलेख व्यवस्थित गर्नेछ।

(९) उपदफा (१) बमोजिम जानकारी नदिएको भए पनि कुनै न्यायाधीश अवकाश हुने उमेर पुगेपछि त्यस्तो पदबाट अवकाश हुनेछ।

३२. पदबाट हटाउने : (१) कुनै व्यक्तिले आफ्नो योग्यता वा अयोग्यता लुकाई न्यायाधीशको पदमा नियुक्ति भएको कुरा जानकारीमा आएमा वा कुनै न्यायाधीश पदमा बहाल रहेको अवस्थामा दफा ७ को खण्ड (क), (ङ), (ज), (झ), (ञ) वा (ट) बमोजिमको अवस्था भएमा न्याय परिषदले त्यस्तो न्यायाधीशलाई तुरून्त पदबाट हटाउन प्रधान न्यायाधीशसमक्ष सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस भएमा प्रधान न्यायाधीशले अविलम्ब पदबाट हटाउनु पर्नेछ।

(३) आफ्नो योग्यता वा अयोग्यता लुकाई न्यायाधीशको पदमा नियुक्त भएको न्यायाधीश उपदफा (२) बमोजिम पदबाट हटाइएमा त्यस्तो न्यायाधीशले प्रचलित सङ्घीय कानूनबमोजिमको सञ्चय कोषको रकम र बीमा बाहेकको अन्य कुनै पनि सुविधा पाउने छैन।

(४) परिषदले आफ्नो योग्यता वा अयोग्यता लुकाएको कारण उपदफा (२) बमोजिम पदबाट हटाइएको न्यायाधीशलाई प्रचलित सङ्घीय कानूनबमोजिम भ्रष्टाचारको कसुरमा मुद्दा चलाउन सम्बन्धित निकायमा लेखी पठाउनेछ।

३३. न्याय परिषदको काम, कर्तव्य र अधिकार : संविधान र यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त न्याय परिषदको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) न्याय प्रशासनसम्बन्धी विषयमा सिफारिस गर्ने वा परामर्श दिने,

(ख) न्याय प्रशासनसम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(ग) न्यायाधीशको तालिम तथा प्रशिक्षणका सम्बन्धमा सम्बन्धित निकायलाई पाठ्यक्रमलगायतका विषयमा आवश्यक निर्देशन दिने,

(घ) न्यायाधीशले पालन गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने,

(ङ) तोकिएबमोजिम अन्य काम गर्ने।

३४. न्याय परिषदको सचिवालय : (१) न्याय परिषदको एउटा छुट्टै सचिवालय रहनेछ।

(२) न्याय परिषदको सचिवालय काठमाडौं उपत्यकामा रहनेछ।

३५. न्याय परिषदको बैठक : (१) न्याय परिषदको बैठक आवश्यकताअनुसार अध्यक्षले तोकेको मिति, समय र ठाउँमा बस्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुईजना सदस्यले संयुक्त रूपमा विषयसूचीसमेत समावेश गरी न्याय परिषदको बैठक बोलाउन अध्यक्षसमक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ।

(३) न्याय परिषदको सचिवले न्याय परिषदको बैठक बस्ने मिति र समय तोकी बैठकमा छलफल हुने विषय सूचीसहितको सूचना बैठक बस्ने समयभन्दा साधारणतया अठ्चालीस घण्टा अगावै सबै सदस्यहरूले पाउने गरी पठाउनु पर्नेछ।

(४) कुनै सदस्यले उपदफा (३) बमोजिम बैठकमा छलफल हुने विषय सूचीमा उल्लिखित विषयको अतिरिक्त अन्य कुनै विषयमा छलफल गराउन चाहेमा त्यसरी छलफल गर्न चाहेको विषय र कारणसहितको सूचना बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टाअगावै न्याय परिषदको सचिवलाई दिनु पर्नेछ। त्यसरी सूचना प्राप्त हुनासाथ न्याय परिषदको सचिवले त्यस्तो विषय छलफल हुने विषय सूचीमा समावेश गरी त्यसको जानकारी सदस्यहरूलाई दिनु पर्नेछ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्याय परिषदको बैठकमा उपस्थित सबै सदस्यको सहमतिले विषय सूचीमा नपरेको विषयमा पनि छलफल गरी निर्णय गर्न सकिनेछ।

(६) अध्यक्ष र अन्य दुईजना सदस्य उपस्थित भएमा न्याय परिषदको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(७) न्याय परिषदको निर्णय बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(८) न्याय परिषदको निर्णयको अभिलेख न्याय परिषदको सचिवले तयार गरी अध्यक्ष तथा सदस्यको सही गराई राख्नेछ।

(९) न्याय परिषदको बैठकसम्बन्धी अन्य कार्यविधि न्याय परिषद आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

३६. न्याय परिषदको सचिव : (१) न्याय परिषदको प्रशासकीय प्रमुखको रूपमा नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको एकजना सचिव रहनेछ।

(२) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त न्याय परिषदको सचिवको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) न्याय परिषदले गरेको निर्णय कार्यान्वयन गर्ने गराउने,

(ख) न्याय परिषदको सचिवालयमा रहने अभिलेख प्रमाणित गरी अद्यावधिक, व्यवस्थित र सुरक्षित राख्ने,

(ग) न्याय परिषदको कर्मचारीलाई कार्यविभाजन गरी काममा लगाउने,

(घ) न्याय परिषदको सचिवालयको काम कारबाहीको अनुगमन, नियन्त्रण, सुपरिवेक्षण गर्ने,

(ङ) न्याय परिषदको निर्णय सम्बन्धित व्यक्ति वा निकायलाई जानकारी गराउने,

(च) नेपाल सरकार र अन्य सम्बन्धित निकायसँग आवश्यकताअनुसार सम्पर्क र समन्वय गर्ने,

(छ) न्याय परिषदले तोकेको अन्य काम गर्ने।

(३) न्याय परिषदको सचिवले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार कुनै अधिकार आफू मातहतको कुनै राजपत्राङ्कित अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

३७. शपथ : संविधानको धारा १५३ को उपधारा (१) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्यले अध्यक्षसमक्ष अनुसूचीमा तोकिएबमोजिम शपथ लिनु पर्नेछ।

३८. वार्षिक प्रतिवेदन पेस गर्नु पर्ने : (१) न्याय परिषदले प्रत्येक वर्ष आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष पूरा भएको तीन महिनाभित्र राष्ट्रपतिसमक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस भएको प्रतिवेदन राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत सङ्घीय संसद्समक्ष पेस गर्न लगाउनेछ।

३९. नेपाल सरकारसँग सम्पर्क : न्याय परिषदले नेपाल सरकारसँग सम्पर्क राख्दा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत् राख्नु पर्नेछ।

४०. नियम बनाउने अधिकार : न्याय परिषदले यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ।

४१. निर्देशिका वा कार्यविधि बनाउने अधिकार : न्याय परिषदले सम्पादन गर्नु पर्ने काम सुचारू रूपले सञ्चालन गर्न वा गराउनको लागि यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

४२. खारेजी र बचाउ : (१) न्याय परिषद ऐन, २०४७ खारेज गरिएको छ।

(२) न्याय परिषद ऐन, २०४७ बमोजिम भए गरेका काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ।

अनुसूची

(दफा ३७ सँग सम्बन्धित)

<u>शपथ</u>

म ..... मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/इश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही ..... पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमानदारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दाबाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

मिति :-

नाम :-

दस्तखत :-

परिशिष्टाङ्क-२

न्याय परिषद् नियमावली, २०७४ (अनूसुची बाहेक)

पहिलो संशोधन (२०८०।०६।०१)

न्याय परिषद् ऐन, २०७३ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी न्याय परिषद्ले देहायका नियमहरू बनाएको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "न्याय परिषद् नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले न्याय परिषद् ऐन, २०७३ सम्झनु पर्छ ।

(ख) "सचिव" भन्नाले न्याय परिषद्को सचिव सम्झनु पर्छ ।

(ग) "सचिवालय" भन्नाले ऐनको दफा ३४ बमोजिम स्थापित न्याय परिषद्को सचिवालय सम्झनु पर्छ ।

(घ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

परिच्छेद–२

अभिलेख सम्बन्धी व्यवस्था

३. अभिलेख राख्ने : (१) ऐनको दफा ३ बमाजिमको अभिलेख तयार गर्ने प्रयोजनको लागि सचिवालयले कम्तीमा वर्षको एक पटक सार्वजनिक रुपमा सूचना प्रकाशन गरी अनुसूची–१ को ढाँचामा संविधान बमोजिम न्यायाधीशको पदमा नियुक्ति हुन योग्यता पुगेका इच्छुक नेपाली नागरिकको विवरण माग गर्नेछ ।

(२) ऐनको दफा ३ को उपदफा (२) बमोजिम विवरण माग गर्दा अभिलेख राख्ने प्रयोजनका लागि विवरणमा नाम समावेश भएका व्यक्तिको सम्बन्धमा त्यस्ता निकायको कुनै प्रतिक्रिया भए सो समेत माग गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रतिक्रिया माग गरिएकोमा सम्बन्धित निकायले समयभित्र प्रतिक्रिया उपलब्ध गराउनु पर्नेछ ।

(४) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संविधान बमोजिम न्यायाधीशको पदमा नियुक्ति हुन योग्यता पुगेका कुनै नेपाली नागरिकले अनुसूची–१ को ढाँचामा सचिवालयमा उपस्थित भई वा विद्युतीय माध्यमबाट समेत जहिले सुकै आफ्नो विवरण पेश गर्न सक्नेछ । यसरी पेश भएको विवरण सचिवालयले अभिलेखमा समावेश गर्नेछ ।

(५) उपनियम (१), (२) वा (४) बमोजिम प्राप्त विवरणको अभिलेख तयार गर्दा सचिवालयले सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतको न्यायाधीशको पदमा नियुक्ति हुन योग्यता पुगेका व्यक्तिको छुट्टाछुट्टै अभिलेख तयार गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम अभिलेख तयार गर्दा संविधानको धारा १२९, १४० तथा १४९ बमोजिम न्यायाधीशको पदमा नियुक्तिको लागि योग्यता पुगेका न्यायाधीश, न्याय सेवाका अधिकृत कर्मचारी र कानून व्यवसायी तथा कानूनको अध्यापन, अन्वेषण वा कानून वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा काम गरेको व्यक्तिको वरिष्ठताक्रमका आधारमा सूची तयार गरी छुट्टा छुट्टै अभिलेख राख्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम अभिलेख तयार गर्ने प्रयोजनको लागि कुनै व्यक्तिको वरिष्ठताक्रम कायम गर्दा देहायका आधारमा गर्नु पर्नेछः-

(क) बहालवाला न्यायाधीशको हकमा नियम ११ बमोजिम,

(ख) न्याय सेवाको अधिकृतको हकमा,–

(अ) हालको पदमा नियुक्ति वा बढुवा भएको मिति,

(आ) उपखण्ड (अ) बमोजिमको आधारमा वरिष्ठता नछुट्टिएमा हालको पदमा नियुक्ति वा बढुवाको लागि भएको सिफारिस क्रम,

(इ) उपखण्ड (अ) र (आ) बमोजिमको आधारमा वरिष्ठता नछुट्टिएमा हालको पदमा नियुक्ति वा बढुवाको लागि भएको विज्ञापन वा सूचनाको क्रम ।

(ग) कानून व्यवसायी तथा कानूनको अध्यापन, अन्वेषण वा कानून वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा काम गरेको व्यक्तिको हकमा कानून व्यवसायीले प्राप्त गरेको प्रमाणपत्रको क्रमाङ्कको आधारमा,

(घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून व्यवसायीको प्रमाणपत्र प्राप्त नगरी कानूनको अध्यापन, अन्वेषण वा कानून वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा काम गरेको व्यक्तिको हकमा सम्बन्धित क्षेत्रमा काम गरेको अवधिको आधारमा ।

४. न्यायाधीशको अभिलेख तथा वैयक्तिक विवरण (सिटरोल) राख्ने : (१) सचिवालयले न्यायाधीशको छुट्टाछुट्टै वैयक्तिक विवरण फाराम (सिटरोल) सहित अभिलेख तयार गरी राख्नेछ ।

(२) न्यायाधीश पदमा नियुक्त भएका व्यक्तिले नियुक्ति भएको मितिले एक महिना भित्र अनुसुची–२ बमोजिमको ढाँचामा वैयक्तिक विवरण फाराम भरी सचिवालयमा पेस गर्नु पर्नेछ ।

तर निजामती किताबखानामा वैयक्तिक विवरण दर्ता भएको व्यक्ति न्यायाधीशको पदमा नियुक्त भएमा त्यस्तो व्यक्तिको वैयक्तिक विवरण फाराम र तत्सम्बन्धी कागजातहरूको प्रमाणित प्रतिलिपि सचिवालयले निजामती किताबखानाबाट झिकाई अद्यावधिक गर्नेछ ।

(३) न्यायाधीशले वैयक्तिक विवरण पेस गर्दा आफ्नो विवरणलाई पुष्टि गर्ने कागजातहरूको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम पेश भएको वैयक्तिक विवरण फाराम प्रमाणित गर्नको लागि सचिवालयले निजामती किताबखानामा पठाउनेछ ।

(५) उपनियम (४) बमोजिम पठाइएको वैयक्तिक विवरण फाराम निजामती किताबखानाबाट प्रमाणित गराउनु सम्बन्धित न्यायाधीश समेतको दायित्व हुनेछ ।

परिच्छेद–३

न्यायाधीश नियुक्तिको सिफारिश सम्बन्धी व्यवस्था

५. न्यायाधीश नियुक्तिको सिफारिस सम्बन्धी कार्यविधि : (१) परिषद्ले संविधानको धारा १२९ बमोजिम सर्वोच्च अदालतको न्यायाधीश नियुक्ति गर्दा सो धाराको उपधारा (५) बमोजिमको योग्यता पुगेका व्यक्तिहरू मध्ये ऐनको दफा ५ को अधीनमा रही नियुक्तिको सिफारिस गर्नु पर्नेछ ।

(२) परिषद्ले संविधानको धारा १४० को उपधारा (२) बमोजिम उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्तिको लागि सिफारिस गर्दा सो धाराको उपधारा (३) बमोजिमको योग्यता पुगेका व्यक्तिहरू मध्ये ऐनको दफा ५ को अधीनमा रही नियुक्तिको सिफारिस गर्नु पर्नेछ ।

(३) परिषद्ले संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (क) बमोजिम जिल्ला न्यायाधीशको नियुक्तिको लागि सिफारिस गर्दा योग्यता पुगेका व्यक्तिहरू मध्ये ऐनको दफा ५ को अधीनमा रही नियुक्तिको सिफारिस गर्नु पर्नेछ ।

स्पष्टीकरण: संविधानको धारा १२९ को उपधारा (५), धारा १४० को उपधारा (२) र धारा १४९ को उपधारा (२) को खण्ड (ग) को प्रयोजनार्थ "निरन्तर वकालत गरेको" भन्नाले मुद्दामा नियमित रुपमा अदालतमा बहस पैरवी र लिखतको मस्यौदा समेतको कार्य गरेको सम्झनु पर्छ ।

६. जिल्ला न्यायाधीशको पदपूर्तिको समयतालिका र प्रतिशत निर्धारण : (१) जिल्ला न्यायाधीशको पदपूर्ति गर्ने समय तालिका अनुसुची–३ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) परिषद्ले जिल्ला न्यायाधीशको पदपूर्तिको लागि संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (क), (ख) र (ग) बमोजिम प्रतिशत निर्धारण गर्दा अनुसूची–४ बमोजिमको प्रक्रिया अवलम्बन गर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रतिशत निर्धारण गर्दा संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ग) बमोजिम छुट्टाइएको पद मध्येबाट पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहायका समूहका उम्मेदवारहरू बीचमा समावेशी सिद्धान्तका आधारमा छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने गरी अनुसुची–५ मा उल्लिखित तरिका बमोजिम प्रतिशत निर्धारण गरिनेछ :-

(क) महिला	– तेत्तीस प्रतिशत
(ख) आदीवासी/जनजाती	– सत्ताईस प्रतिशत
(ग) मधेशी	– बाईस प्रतिशत
(घ) दलित	– नौ प्रतिशत
(ङ) अपाङ्ग	– पाँच प्रतिशत
(च) पिछडिएको क्षेत्र	– चार प्रतिशत

<u>स्पष्टीकरण:</u> यस उपनियमको प्रयोजनका लागि,–

(१) "पिछडिएको क्षेत्र" भन्नाले बझाङ, अछाम, बाजुरा, कालिकोट, हुम्ला, मुगु, जुम्ला, डोल्पा र जाजरकोट जिल्ला सम्झनु पर्छ ।

(२) "महिला, आदीवासी/जनजाती, मधेशी र दलित" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदीवासी/जनजाती, मधेशी र दलित सम्झनु पर्छ ।

(४) संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम छुट्टाईएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार नभई नियुक्तिका लागि सिफारिस हुन नसकेमा संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (क) बमोजिम पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ ।

(५) अन्य सरकारी सेवामा रहेको समावेशी सिद्धान्तमा आधारित पदपूर्ति सम्बन्धी व्यवस्थामा पुनरावलोकन भएको अवस्थामा सो समेतलाई ध्यानमा राखी उपनियम (३) बमोजिमको पदपूर्ति सम्बन्धी व्यवस्था पुनरावलोकन गर्न सकिनेछ ।

परिच्छेद–४

न्यायाधीशको मुल्याङ्कन सम्बन्धी व्यवस्था

७. कार्यक्षमताको सम्बन्धमा अध्ययन : (१) परिषद्ले उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशको कार्यकुशलता तथा कार्यक्षमताको मूल्याङ्कन गर्नका लागि प्रत्येक वर्ष न्यायाधीशबाट भएका फैसला र आदेशका प्रतिलिपिहरू परिषद्ले तोकेको सङ्ख्यामा झिकाई अध्ययन गर्न सक्नेछ ।

(२) उच्च अदालत वा जिल्ला अदालतका कुनै न्यायाधीशले गरेको फैसला वा आदेश प्रारम्भिक रुपमा नै कानून तथा न्यायका मान्य सिद्धान्तको प्रतिकूल भएको वा न्यायाधीशमा कार्य क्षमताको अभाव भएको कुरा पुनरावेदनको रोहमा देखिएमा पुनरावेदन सुन्ने अदालतको सम्बन्धित ईजलासले त्यस्तो फैसला वा आदेशको प्रतिलिपि परिषद्को जानकारीका लागि सचिवालयमा पठाउने गरी आदेश गर्नु पर्नेछ।

(३) उपनियम (१) र (२) को प्रयोजनको लागि परिषद्मा देहाय बमोजिमको फैसला अध्ययन समिति रहनेछ :–

(क) संविधानको धारा १५३ को उपधारा (१) को खण्ड (ग) बमोजिमको परिषद्को सदस्यको रुपमा रहेका सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश – संयोजक

(ख) संविधानको धारा १५३ को उपधारा (१) को खण्ड (घ) बमोजिम नियुक्त परिषद्का सदस्य – सदस्य

(ग) संविधानको धारा १५३ को उपधारा (१) को खण्ड (ङ) बमोजिम नियुक्त परिषद्का सदस्य – सदस्य

(४) उपनियम (३) बमोजिमको समितिमा न्याय परिषद्को सचिवले सदस्य-सचिव भई काम गर्नेछ ।

(५) उपनियम (३) बमोजिमको समितिले फैसला अध्ययन गर्दा न्यायाधीशको कार्यक्षमताको सम्बन्धमा आफ्नो राय प्रतिक्रिया सहित परिषद्समक्ष प्रतिवेदन पेश गर्नेछ र त्यस्तो प्रतिवेदनलाई न्यायाधीशको कार्य क्षमता मुल्याङ्कनको आधार बनाईनेछ ।

(६) उपनियम (३) बमोजिमको समितिले फैसला अध्ययनका लागि सचिवालयका कर्मचारीहरूको सहयोग लिन सक्नेछ ।

८. कार्य सम्पादन गर्न असमर्थ रहेको मानिने आधार : (१) कुनै न्यायाधीश ऐनको दफा १३ बमोजिम शारीरिक वा मानसिक अस्वस्थताको कारणले सेवामा रही कार्य सम्पादन गर्न असमर्थ छ भनी परिषद्मा उजुरी परेमा वा परिषद्लाई अन्य कुनै श्रोतबाट जानकारी हुन आएमा त्यस्तो बिषयमा प्रारम्भिक छानबिन गरी प्रतिवेदन पेस गर्न परिषद्ले कम्तीमा दुई जना सदस्य रहने गरी एक समिति गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको समितिले आवश्यक अध्ययन गरी सम्बन्धित न्यायाधीश कार्य सम्पादन गर्न असमर्थ रहे नरहेको सम्बन्धमा पर्याप्त आधार खुलाई परिषद्मा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पेस भएको प्रतिवेदनमा कुनै न्यायाधीश कार्य सम्पादन गर्न असमर्थ भएको भनी उल्लेख भएमा सो को यकिन गर्न परिषद्ले नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डमा परीक्षणका लागि लेखी पठाउनेछ ।

(४) उपनियम (३) बमोजिम परीक्षणका लागि पठाइएकोमा निजले जाँच गराउन इन्कार गरेमा वा जाँच गर्दा मेडिकल बोर्डबाट शारीरिक वा मानसिकरुपले काम गर्न असमर्थ रहेको भनी प्रतिवेदन प्राप्त भएमा त्यस्तो न्यायाधीशलाई तत्काल काम गर्न रोक लगाई परिषद्ले ऐनको दफा १३ बमोजिम पदमुक्तिका लागि सिफारिस गर्नेछ ।

९. सचेत गराउने : परिषद्ले कुनै न्यायाधीशलाई ऐनको दफा १४ को उपदफा (१) बमोजिम सचेत गराउनु पूर्व कारण खुलाई स्पष्टीकरण माग गर्नु पर्नेछ ।

तर जाँचबुझ समिति गठन गरी छानबिन भएको बिषयमा सचेत गराउँदा स्पष्टीकरण सोध्नु पर्ने छैन ।

१०. अनुगमन तथा निगरानी समितिको कार्यविधि : (१) ऐनको दफा १६ बमोजिमको अनुगमन तथा निगरानी समितिका पदाधिकारी वा समितिले खटाएको कुनै अधिकारीले आवश्यकता अनुसार गोप्य रुपमा कुनै पनि अदालत वा न्यायाधीशहरूसँग सम्बन्धित स्थान वा जुनसुकै चिजवस्तुको निगरानी गर्न सक्नेछ ।

(२) अनुगमन तथा निगरानी गर्दा प्रत्यक्ष अवलोकन, निरीक्षण, सम्वाद, सर्भे फाराम, अन्तरक्रिया जस्ता पद्धति र विद्युतीय प्रविधि समेतको प्रयोग गर्न सकिनेछ ।

(३) अनुगमन तथा निगरानी गर्ने क्रममा सम्बन्धित न्यायाधीशको मासिक कार्य सम्पादनको लक्ष्य, प्रगति विवरण तथा मास्केवारी, निरीक्षण प्रतिवेदन, कार्यसम्पादन मूल्याङ्कन समेत अवलोकन गर्न सकिनेछ ।

(४) उपनियम (१) बमोजिम अनुगमन तथा निगरानीका लागि खटिएको अधिकारीले ऐनको दफा १६ को उपदफा (१) बमोजिमको अनुगमन तथा निगरानी समिति समक्ष प्रतिवेदन दिनु पर्नेछ ।

(५) ऐनको दफा १६ को उपदफा (१) बमोजिमको अनुगमन तथा निगरानी समिति तथा त्यस्तो समितिले खटाएको अधिकारीले माग गरेको कागजात तथा विवरण सम्बन्धित न्यायाधीश, कर्मचारी तथा सम्बन्धित सरोकारवाला निकाय वा व्यक्तिले उपलब्ध गराउनु पर्नेछ ।

परिच्छेद–५
वरिष्ठता कायम गर्ने व्यवस्था

११. वरिष्ठता कायम गर्ने : (१) इजलास कायम गर्ने, पेशी सूची तोक्ने तथा अदालतको प्रशासनिक काम कारबाही सञ्चालन गर्ने प्रयोजनको लागि परिषद्ले देहायका आधारमा न्यायाधीशको वरिष्ठता कायम गर्नेछ :–

(क) सम्बन्धित पदमा नियुक्ति भएको मितिको आधारमा,

(ख) खण्ड (क) को आधारमा वरिष्ठता नछुट्टिने भएमा सो तहको न्यायाधीशको पदमा भएको नियुक्ति क्रमको आधारमा,

(ख१*) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल न्याय सेवाको मुख्य रजिष्ट्रारको पदमा कार्यरत रही उच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति भएको व्यक्तिको हकमा मुख्य न्यायाधीश पछिको क्रममा,

* पहिलो संशोधनबाट थप गरिएको

स्पष्टीकरणः मुख्य रजिष्ट्रारको रूपमा कार्यरत रही उच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति भएका व्यक्ति एकभन्दा बढी भएमा नियुक्ति मितिको आधारमा वरिष्ठता कायम गरिनेछ।

(ख२[ॐ]) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल न्याय सेवाको राजपत्रांङ्कित विशिष्ट श्रेणीको पदमा कार्यरत रही उच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति भएका व्यक्तिको हकमा निज विशिष्ट श्रेणीको पदमा नियुक्ति भएको मितिभन्दा पछि उच्च अदालतको न्यायाधीशको पदमा नियुक्त भएका व्यक्तिभन्दा अगाडिको क्रममा,

स्पष्टीकरणः नेपाल न्याय सेवाको राजपत्रांङ्कित विशिष्ट श्रेणीको पदमा कार्यरत रही उच्च अदालतको न्यायाधीश पदमा नियुक्त भएका व्यक्ति एकभन्दा बढी भएमा निजहरू राजपत्रांङ्कित विशिष्ट श्रेणीको पदमा नियुक्ति हुँदाको क्रमको आधारमा वरिष्ठता कायम गरिनेछ।

(ग) कुनै न्यायाधीश परिषद्को निर्णयबाट पदमुक्त भई अदालतको फैसला वा आदेशले पुनर्बहाली भएमा पदमुक्त हुनु पूर्वको नियुक्ति क्रमको आधारमा ।

(२) उपनियम (१) बमोजिम कायम गरिएको वरिष्ठताको सूची सचिवले अद्यावधिक रुपमा सचिवालयमा राख्नु पर्नेछ।

परिच्छेद–६

निरीक्षण तथा कार्य सम्पादन सम्बन्धी व्यवस्था

१२. न्यायाधीशको काम कारबाहीको निरीक्षण : न्याय प्रशासन ऐन, २०७३ को दफा २१ वा ऐनको दफा १५ बमोजिम अदालतको निरीक्षण गर्ने न्यायाधीशले अनुसूची–६ बमोजिमको ढाँचामा निरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

[ॐ] पहिलो संशोधनबाट थप गरिएको

१३. कार्य सम्पादनको मूल्याङ्कन : (१) नियम १२ बमोजिम निरीक्षण गर्ने न्यायाधीशले निरीक्षण गरेका अदालतका न्यायाधीशको अनुसूची–७ को ढाँचामा कार्य सम्पादन मूल्याङ्कन फाराम समेत भरी नियम १२ बमोजिमको प्रतिवेदन साथ सचिवालयमा पठाउनु पर्नेछ ।

(२) नियम १२ बमोजिमको निरीक्षण प्रतिवेदन तथा उपनियम (१) बमोजिम प्राप्त कार्य सम्पादन मूल्याङ्कन फाराम सचिवले प्रचलित कानूनले तोकेको अवधिसम्म सुरक्षित रुपमा राख्नु पर्नेछ र त्यस्तो प्रतिवेदन तथा कार्यसम्पादन मूल्याङ्कन फाराम खोजेका बखत परिषद्को बैठकमा पेश गर्नु पर्नेछ ।

१४. कार्य फछ्र्यौटको अभिलेख : (१) सम्बन्धित अदालतले सो अदालतमा कार्यरत न्यायाधीशको कार्य फछ्र्यौट सम्बन्धी विवरण उच्च अदालतको हकमा अनुसूची-८ र जिल्ला अदालतको हकमा अनुसूची-९ बमोजिमको ढाँचामा प्रत्येक महिना भुक्तान भएको मितिले सात दिन भित्र सचिवालयमा पठाउनु पर्नेछ ।

(२) सचिवालयले उपनियम (१) बमोजिम प्राप्त विवरण समेतको आधारमा उच्च तथा जिल्ला अदालतका न्यायाधीशको कार्य फछ्र्यौट तथा आचरण सम्बन्धी विषयको अभिलेख अनुसूची–१० बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

परिच्छेद–७
सरुवा सम्बन्धी व्यवस्था

१५. सरुवा : (१) उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशलाई ऐनको दफा २७ बमोजिम सरुवा गर्ने प्रयोजनका लागि हिमाली क्षेत्र, पहाडी क्षेत्र, तराई क्षेत्र र काठमाडौं उपत्यकाको अनुभव हुने गरी सुगम क्षेत्र र दुर्गम क्षेत्रको वर्गीकरण अनुसूची–११ बमोजिम हुनेछ ।

(२) दुर्गम क्षेत्रको अदालतमा काम गरी सकेको न्यायाधीशलाई साधारणतया सुगम क्षेत्रको अदालतमा सरुवा गरिनेछ । सुगम क्षेत्रको अदालतमा काम गरिसकेको न्यायाधीशलाई सेवा अवधिमा कम्तीमा एक पटक दुर्गम क्षेत्रमा सरुवा गरिनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित न्यायाधीशको बसोबास भएको स्थानबाट निजलाई पायक पर्ने नजिकका जिल्लाहरूको भौगोलिक निकटताको आधारमा समेत सरुवा गर्न सकिनेछ ।

(४) उपनियम (१), (२) र (३) बमोजिम न्याय परिषद्ले सरुवा गर्दा मुद्दाको काम कारबाहीलाई असर नपर्ने गरी सामान्यतया श्रावण महिनामा गरिनेछ।

(५) सरुवाको लागि निवेदन दिन चाहने न्यायाधीशले अनलाईनबाट समेत निवेदन दिन सक्नेछ ।

१६. सरुवा वा काज भएको अदालतमा हाजिर हुने : सरुवा वा काजमा खटाइएको न्यायाधीशले त्यस्तो सरुवा वा काज खटाइएको मितिले पन्ध्र दिन भित्र रमाना लिई बाटाका म्याद बाहेक सात दिन भित्र सम्बन्धित अदालतमा हाजिर हुनु पर्नेछ ।

परिच्छेद–८

उजुरी तथा सोको छानबिन र अनुसन्धान सम्बन्धी कार्यविधि

१७. उजुरी दिन सक्ने : (१) कुनै न्यायाधीशले आफ्नो पदीय दायित्व इमान्दारीपूर्वक निर्वाह नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको वा निजबाट खराब आचरण भएको छ भन्ने लागेमा कुनै पनि व्यक्तिले भएसम्मको सबूद प्रमाण संलग्न गरी सचिवालयमा आफैं उपस्थित भई वा अन्य कुनै माध्यमबाट उजुरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उजुरी दिँदा सामान्यतया देहायका विवरणहरू खुलाउनु पर्नेछ :-

(क) उजुरीकर्ताको नाम, थर, वतन र भए टेलिफोन वा मोवाईल नम्वर वा ईमेल ठेगाना,

(ख) आरोपित न्यायाधीशको नाम, थर र अदालत,

(ग) उजुरीको विषय :- कार्यक्षमताको अभाव/खराब आचरण/ इमान्दारीपूर्वक आफ्नो कर्तव्यको पालना नगरेको/बदनियतपूर्वक काम गरेको/आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको,

(घ) उजुरी शिष्ट र सभ्य भाषामा लेखी सिलसिलाबद्ध रुपमा तथ्यगत विवरण खुलाइएको हुनु पर्ने,

(ङ) उजुरीसँग सम्बन्धित प्रमाण,

(च) परिषद्बाट उजुरी उपर छानविन हुँदा सहयोग गर्ने प्रतिबद्धता,

(छ) उजुरीकर्ताले आफ्नो नाम गोप्य राख्न चाहेमा सोको कारण, र

(ज) उजुरीकर्ताको सहिछाप र मिति ।

(३) उपनियम (१) र (२) बमोजिम उजुरी प्राप्त हुन आएमा सचिवले संभव भएसम्म त्यस्तो उजुरीकर्तालाई सनाखत गराई उजुरी दर्ता गराउनु पर्नेछ ।

तर, कुनै उजुरी अस्पष्ट एवम् प्रथम दृष्टिमा नै अस्वभाविक खालको भएमा सचिवले दर्ता गर्न ईन्कार गर्न सक्नेछ ।

(४) परिषद् समक्ष पर्न आएको उजुरी उपर तीन महिना भित्रमा प्रारम्भिक छानविन गर्नु पर्नेछ र उजुरी टुङ्गो लागेपछि सो को जानकारी उजुरीकर्ता र सम्बन्धित न्यायाधीशलाई दिनु पर्नेछ ।

परिच्छेद–९

विविध

१८. सचिवालय सम्बन्धी व्यवस्था : (१) सचिवको प्रत्यक्ष नियन्त्रण र रेखदेखमा रहने गरी सचिवालयमा आवश्यकतानुसार कर्मचारीहरू रहनेछन् ।

१९. सचिवालयमा रहने महाशाखा र शाखाहरू : (१) न्याय परिषद् सचिवालयमा साधारणतया देहाय बमोजिमका महाशाखा तथा शाखाहरू रहनेछन् :-

(क) प्रशासन महाशाखा : यस महाशाखा अन्तर्गत देहायका शाखाहरू रहनेछन्:-

(अ) प्रशासन शाखा : यस शाखा अन्तर्गत दर्ता, चलानी, आर्थिक प्रशासन तथा जिन्सी उपशाखाहरू समेत रहनेछन् ।

(आ) सूचना प्रविधि शाखा

(इ) अभिलेख शाखा

(ख) उजुरी तथा अनुगमन महाशाखा : यस महाशाखा अन्तर्गत देहायका शाखाहरू रहनेछनः-

(अ) उजुरी शाखा

(आ) निरीक्षण तथा अनुगमन शाखा

(ग) योजना तथा अनुसन्धान महाशाखा:

(अ) योजना शाखा

(आ) अध्ययन तथा अनुसन्धान शाखा

(इ) बाह्य सम्बन्ध समन्वय शाखा

(घ) परीक्षा महाशाखाः यस महाशाखा अन्तर्गत देहायका शाखाहरू रहनेछन्ः-

(अ) परीक्षा सञ्चालन शाखा

(आ) नतिजा तथा अन्तर्वार्ता शाखा

(२) उपनियम (१) बमोजिम गठित महाशाखा तथा सो अन्तरगतका शाखाहरूमा काम गर्ने कर्मचारीहरूको कार्यविवरण सचिवले तोके बमोजिम हुनेछ ।

२०. सम्पत्ति विवरण पेश गर्ने : (१) सदस्य तथा न्यायाधीशले ऐनको दफा २९ बमोजिम सम्पति विवरण पेश गर्दा अनुसुची–१२ को ढाँचामा सचिवालयमा पेश गर्नु पर्नेछ । सम्पत्ति विवरण अनलाईनबाट समेत भर्ने व्यवस्था गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिम पेश भएको सम्पति विवरण परिषद्ले समय समयमा अनुगमन गर्नेछ । यसरी अनुगमन गर्दा त्यस्तो सम्पति अस्वभाविक वा अमिल्दो देखिएमा न्याय परिषद्ले थप छानबिन गर्न सक्नेछ ।

२१. शपथ : उच्च अदालतको मुख्य न्यायाधीशले प्रधान न्यायाधीश समक्ष र उच्च अदातलका अन्य न्यायाधीश तथा जिल्ला अदालतका न्यायाधीशले सम्बन्धित उच्च अदालतको मुख्य न्यायाधीश समक्ष अनुसूची–१३ बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

२२. आचार संहिताको पालना सम्बन्धी व्यवस्था : (१) प्रत्येक न्यायाधीशले आचार संहिताको पालना गर्नु पर्नेछ ।

(२) ऐनको दफा १६ बमोजिमको अनुगमन तथा निगरानी समितिले न्यायाधीशले आचार संहिताको पालना गरे नगरेको सम्बन्धमा नियमितरुपमा अनुगमन गरी सोको प्रतिवेदन परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त प्रतिवेदनलाई न्यायाधीशको नियुक्ति तथा सरुवा गर्दा आधार लिइनेछ ।

२३. न्यायाधीशलाई तालीम, प्रशिक्षण तथा सेमिनार गोष्ठीमा सहभागी गराउने : (१) न्यायाधीशको तालिम तथा प्रशिक्षणको पाठ्यक्रम तयार गर्दा तालिम प्रदायक निकायले न्याय परिषद्सँग समन्वय गर्नु पर्नेछ । पाठ्यक्रम निर्माण गर्दा र तालिममा सहभागीको मापदण्ड निर्धारण गर्दा सर्वोच्च अदालत, राष्ट्रिय न्यायिक प्रतिष्ठान लगायतका सम्बन्धित निकायले सचिवालय मार्फत न्याय परिषद्सँग समन्वय गर्नु पर्नेछ ।

(२) न्याय प्रशासन सम्बन्धी विषय र न्यायाधीशको क्षमता अभिवृद्धिका लागि सञ्चालन गरिने सेमिनार, गोष्ठी, कार्यशाला, सम्मेलन, पुनर्ताजगी प्रशिक्षण जस्ता कार्यक्रमहरू परिषद्ले सचिवालय मार्फत गराउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम सञ्चालन हुने कार्यक्रमको सम्बन्धमा विषयवस्तुको निर्धारण गर्ने, सहभागीको छनोट गर्ने र प्रक्रिया निर्धारण गर्ने जस्ता काम सचिवालयले गर्नेछ।

२४. परिषद्को बैठकबाट अनुमोदन गर्ने गरी लेखी पठाउन सक्ने : संविधानको धारा १४३ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांश र धारा १५० को उपधारा (१) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम नेपाल सरकार वा संवैधानिक निकायबाट परामर्शको लागि लेखी आएको बिषयमा तत्काल न्याय परिषद्को बैठक बस्न सक्ने अवस्था नभएमा न्याय परिषद्को बैठकबाट पछि अनुमोदन गर्ने गरी अध्यक्षको निर्देशनमा सचिवले लेखी पठाउन सक्नेछ ।

२५. न्याय परिषद्का सदस्यको हाजिरी तथा बिदा सम्बन्धमा : (१) संविधानको धारा १५३ को उपधारा (१) को खण्ड (घ) र (ङ) बमोजिमको सदस्यले कार्यालयमा हाजिर भई काम कारबाही गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमका सदस्यको बिदा र अन्य सुविधा सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ बमोजिम हुनेछ।

२६. निर्देशिका तथा मापदण्डहरू बनाई लागू गर्ने : न्याय परिषद्ले देहायका विषयमा निर्देशिका तथा मापदण्डहरू बनाई लागू गर्न सक्नेछ :-

(क) न्यायाधीश नियुक्ति सम्बन्धी,

(ख) अभिलेख व्यवस्थापन सम्बन्धी,

(ग) न्यायाधीश विरुद्ध परेको उजुरी उपर कारबाही सम्बन्धी,

(घ) अनुगमन तथा निगरानी सम्बन्धी कार्यविधि,

(ङ) सरुवा तथा काज सम्बन्धी,

(च) न्याय परिषद्सँग सम्बन्धित अन्य विषय सम्बन्धी ।

२७. खारेजी र बचाउ : (१) न्याय परिषद् (कार्यविधि) नियमावली, २०५६ खारेज गरिएको छ ।

